news 24 दैनिक

वर्ष १३ अंक ०३ राष्ट्रिय दैनिक | २२ साउन २०८२, बिहीबार साउन शुक्ल त्रयोदशी | नेपाल संवत् ११४५ | Thursday 7 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



**तपाईलाई केही समस्या छ ?:** समाजमा भइरहेका विभिन्न घटनामा पीडितसँग पुनः भेटघाट कार्यक्रमअन्तर्गत खोटाङको दिक्तेल रुपाकोट-२ मा गाउँलेका घर पुगेर कुरा गर्दै प्रहरी । यो कार्यक्रममा प्रहरीले पीडक पक्षबाट हुने सम्भावित दबाव-प्रभाव सम्बन्धी सूचना लिने र न्यायिक प्रगति विवरण तथा अपराध पीडित संरक्षण ऐन बमोजिम पीडितले प्राप्त गर्ने विभिन्न अधिकारको जानकारी दिएर सहयोग गर्दै आएको छ ।

*तस्बिर : जिल्ला प्रहरी कार्यालय खोटाङ*

# रास्वपा–राप्रपाको संसद् बहिष्कार, सरकार र संसद् नेतृत्व मौन

news 24

**काठमाडौं, साउन २१**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले निरन्तर रूपमा संघीय संसद्का बैठकहरू बहिष्कार गर्दै आएका छन् । तर, सरकार र संसद् नेतृत्वले अहिलेसम्म यसको समाधानका लागि कुनै स्पष्ट पहल गरेको छैन । यसले राजनीतिक वृत्तमा आलोचना बढेको छ ।

रास्वपाले भिजिट भिसा, भ्रष्टाचार छानबिनको माग राख्दै आएको छ भने राप्रपाले धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र पुनरावलोकन र राजसंस्थाको पुनर्स्थापनाको बहस गर्न पर्ने माग गर्दै संसद् बैठक बहिष्कार गरिरहेको छ । यद्यपि, यी दलहरूको बहिष्कार लम्बिइरहँदा पनि सभामुख र सत्तारूढ गठबन्धनले संवादको कुनै औपचारिक प्रक्रिया सुरु गरेका छैनन् ।



## बहिष्कारको निरन्तरताबीच छैन संवादको पहल, संसद्को प्रभावकारितामै प्रश्न

संसद्को पछिल्ला बैठकहरूमा दुवै दलको अनुपस्थिति स्पष्ट देखिँदै आएको छ । प्रतिनिधिसभाको बैठकमा उनीहरूले माग राख्ने तर छलफलमा नबस्ने, संसदीय प्रक्रियाबाट अलग रहने अवस्था देखिएको छ । 'हामी आफ्ना माग गम्भीर छन् भन्ने सन्देश दिन चाहन्छौं,' रास्वपाका एक सांसदले भने, 'तर सरकार हाम्रो आवाज सुन्ने पक्षमा देखिँदैन ।'

संसद् सञ्चालन गरिरहेका सभामुख देवराज घिमिरेले भने अहिलेसम्म रास्वपा र राप्रपालाई वार्ताका लागि न औपचारिक आह्वान गरेका छन्, न त विशेष पहल नै । सरकारले बजेट ल्याउनेबेला भने उनी केही सकसमा थिए । त्यसबेला, दलका सचेतकहरू भेला गरेर वातावरण सहजीकरणको पहल गरेका उनी त्यसयता देखेको नदेखे झैं गरेका छन् । सरकारका प्रवक्ता वा सत्तारूढ दलहरूले पनि दुवै दलसँग संवादको तयारी भइरहेको सार्वजनिक रूपमा बताएका छैनन् ।

यता संसद्को गतिविधिमा निरन्तर बहिष्कार भएपछि संसद् स्वयंको प्रभावकारिता, वैधानिकता र जनप्रतिनिधिहरूको भूमिकामाथि प्रश्न उठ्न थालेको छ । संसद् बाहिर चर्किने आवाज संसद् भित्र दबिनु, संवादभन्दा बहिष्कारको राजनीति हावी हुनु र सरकारको मौनताले समग्र संसदीय प्रणालीमाथि नै जनविश्वास खस्काउने जोखिम देखिएको छ ।

सत्ता गठबन्धन दलका एक नेताले भने, 'यो विषयमा छलफल नै नभएको होइन आन्तरिक छलफल हुँदैछ, तर बहिष्कार तोड्नका लागि औपचारिक वार्ताको आवश्यकताको विषयमा शीर्ष तहमा सहमति बन्न सकेको छैन ।'

राजनीतिक विश्लेषकहरूले संसद्भित्र रहेका दलहरूमै संवादको चेन टुट्नु गम्भीर संकेत भएको बताएका छन् । उनीहरूका अनुसार यो स्थितिले संसद्को गरिमा र विश्वासनीयता दुवै घटाउँछ ।

संसद् नियमित रूपमा चलिरहेको देखिए पनि प्रमुख दलहरूको अनुपस्थितिले यो संसद् अपुरो देखिन थालेको छ । यस्तो अवस्थामा सरकार वा सभामुखको निष्क्रियता थप समस्या बन्ने खतरा छ ।

### कटाक्ष गरेर हुन्न समाधान

यस विषयमा बुधबार एमाले सांसद् बाँस्कोटाले संसद् बैठकमा बहिष्कारले कसैलाई फाइदा नहुने अनुभव सुनाए । 'सबैलाई एउटा कुरा ०८४ को भूतले लखेटेको छ । लखेटिनुपर्दैन । जनताले सबैका खुट्टी, नाडी, र तिनका व्यवहारलाई नजिकबाट नापिरहेका हुन्छन्,' उनले कटाक्ष गरे ।

राजनीतिक मुद्दाले मात्रै राजनीतिक गणितलाई बदल्न नसक्ने र सामाजिक मनोबलले बदल्ने बताए । सांसदहरू प्रतिपक्षमा एकथरि र सरकारमा हुँदा अर्कोथरि बोल्ने गरेको बताए । 'भिजिट भिसा, सहकारीबारे के के बोल्यौं ? आफूलाई जाँच्दा के बोल्यौं ?,' सांसद बास्कोटाको प्रश्न थियो । सानातिना केही समस्या भएको स्वीकार गर्दै त्यसैलाई आधार बनाएर लोकतान्त्रिक पद्धतिमाथि प्रहार गरिएको भन्दै उनले चिन्ता व्यक्त गरे । 'यो लोकप्रियतावाद हिटलर जन्मने आधार कसरी बनेको थियो ? नेपोलियन बोनापर्ट कसरी जन्मेका थिए ? पछिल्लो उदाहरण जेलेनेस्की कसरी आइरहेका छन् ? यो कुरा यो देशको राजनीतिक इतिहास बोकेका राजनीतिक दलले बुझ्नुपर्छ । एकले अर्कालाई हेरेर ताली पिट्नुको अर्थ छैन,' उनले भने ।

रास्वपा र राप्रपाले बहिष्कार महिनौं गरिरहँदा पनि चासो नराखेको भन्दै सांसद माधव सापकोटाले असन्तुष्टि व्यक्त गरे । 'महिनौंसम्म बहिष्कार गरेर बाहिर जाने । एकपटक बोलाएर के हो भनेर संवाद, छलफल नगर्ने ? बोलाउनुस् छलफल गर्नुस् मानेनन् भने के कुरामा मान्दैनन् छलफल गर्नुपर्छ' उनले भने, 'यहाँबाट गाली गरेर मात्रै समस्या सम्बोधन हुँदैन । कम्तीमा बोलाएर सम्बोधन गर्नुस् ।'

विशेष समयमा बोल्दै सांसद विश्वप्रकाश शर्माले प्रतिनिधिसभाले आधा कार्यकालमा गरेको कामलाई स्मरण गर्नुपर्ने बताए । उनले संसद बहिष्कार गरेका रास्वपाका सांसदलाई इंगित गर्दै रवि लामिछानेको पालामा सबैभन्दा बढी भिजिट भिसामा गएको तथ्यांक सुनाएका थिए । 'के ती सबै मानव तस्कर भएका हुन भन्न मिल्छ ? आवेग, अराजक शैलीबाट समस्याको समाधान हुँदैन,' उनले भने । साथै जीवी राईलाई मलेसियाबाट ल्याउनमा ढिलाइ भइरहेकोमा प्रश्न उठाए । हमासको कब्जामा रहेका विपिन जोशीलाई पर्खेको परिवारका पक्षमा आवाज उठाउनुपर्ने स्मरण गरे ।

## यो अंकमा



**मानव सभ्यता अँध्यारोदेखि उज्यालोसम्म**

*धर्म जब सामाजिक नियन्त्रणको औजार बन्छ, तब व्यक्तिको विवेक, स्वतन्त्रता र तर्कशक्ति मर्ने खतरा हुन्छ ।*

*नरेन्द्रजंग पिटरको विचार*


- बहुविवाहको कानूनी विवादमा नयाँ मोड
- चुनावी मोर्चाबाट छुट्टियो जनमत
- स्व-मूल्यांकन कार्यविधिविरुद्ध दलहरू आक्रोशित
- यार्सागुम्बा भेट्नै गाह्रो, भेटिएपछि बेच्नै साह्रो
- टेस्लालाई उछिन्ने बाटोमा बीवाइडी
- चिकित्सकको बेस्टसेलर कथा


# 'एमसीसी जस्ताको तस्तै पारित हुने थियो'

news 24

**काठमाडौं, साउन २१**

काठमाडौं, २१ साउन - माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमसीसीसम्बन्धी सम्झौता जस्ताको तस्तै पारित हुने गम्भीर खतरा देखिएपछि पार्टीले व्याख्यात्मक टिप्पणीसहित आवश्यक पर्दा आन्दोलन गर्ने बाटो राखेर पारित गर्न बाध्य भएको बताएका छन् ।



लीलामणि पोखरेलद्वारा लिखित पुस्तक 'नेपालमा एमसीसी' पुस्तकको बुधबार काठमाडौंमा विमोचन कार्यक्रममा बोल्दै उनले एमसीसीबारे माओवादी केन्द्रले सुरुदेखि नै गहिरो अध्ययन र बहस गरेको बताए ।

'नेकपा कालमा मैले नै नेतृत्व गरेर एमसीसीबारे के गर्ने भनेर कार्यदल गठन गरिएको थियो,' उनले भने, 'कार्यदलले अनुमोदन गर्न हुँदैन भन्ने निष्कर्षसहित प्रतिवेदन दिएको थियो ।'

एमाले र माओवादी पार्टी एकीकृत रहेको नेकपाको तत्कालीन स्थायी समिति बैठकको प्रसंग उल्लेख गर्दै उनले भने, 'बाहिर प्रचारमा आइसकेको थियो कि नेपाल आईपीएसमा सहभागी भएको छ । बाँकी पृष्ठ २ मा...



## बहुविवाहको कानूनी विवादमा नयाँ मोड

# संशोधनमा जन्मदर्तादेखि क्षतिपूर्तिसम्म

**भाषा शर्मा**
**काठमाडौं, साउन २१**

गुल्मी घर बताउने ३६ वर्षे एकजनाले २८ वर्षीया महिलासँग प्रेम सम्बन्ध राखे। उनीसँगै जीवन बिताउने सपना देखेकी ती महिला गर्भवती भइन्। युवकले बच्चा अहिले नजन्माउने भन्दै गर्भपतन गर्न दबाब दिए। महिलालाई शंका लाग्यो। सोधीखोजी गरेपछि थाहा भयो, युवक पहिल्यै विवाहित थिए। बेग्लै परिवार थियो। एउटी छोरी ८ वर्ष भइसकेकी थिइन। छाँगाबाट खसेजस्तै भएकी महिलाले गर्भपतन गर्न मानिनन्। सम्बन्ध छुट्यो। बच्चा जन्मियो। जता पनि बाबुको नाम खुलाउनुपर्ने भएपछि उनलाई सन्तानको जन्मदर्ता बनाउँदादेखिको समस्याले पिरोलेको छ।

यस्तै, खालका झुक्याएर विवाह गरेका पुरुषले अब क्षतिपूर्ति दिनुपर्नेगरी बहुविवाह कानूनमा संशोधन मस्यौदा बनेको छ। साथसाथै, त्यो जन्मेको बच्चाको जन्मदर्ता, नागरिकता लगायतका समस्या समाधान गर्नेगरी सरकारले कानून संशोधनमा बाटो खोज्दैछ। हाल कानून संशोधनको मस्यौदा छलफलमै छ। विवाहित पुरुष भएकाले दोस्रो महिलाको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ। विवाह दर्ता कायम नहुने व्यवस्थाभित्र बच्चाको अधिकारलाई कसरी संरक्षण गर्ने भन्ने कानूनी चिन्ता हो।

दुई वर्षअघि देशैभरि छलफल गर्दा पनि यस्तै खालका बालबालिकाको कानूनी संरक्षणको समस्या देखिएको पूर्व महान्यायाधिवक्ता दिनमणि पोखरेल बताउँछन्। जानी-जानी वैवाहिक सम्बन्ध कायम गर्नेलाई कानूनले सजाय गरेको छ। तर, झुक्याएर विवाह गर्नेहरूमा झुक्किनेको दोष नहुँदानहुँदै समस्या देखिएको थियो। 'यो समस्या छ भन्ने कसरी समाधान गर्न सकिन्छ भन्नेमा अझै छलफल गर्नुपर्ने देखिन्छ,' उनले भने, 'बच्चा आमासँग बस्छन्। ऊ बाबुको मायाबाट पनि वञ्चित लगायतका समस्या हुने रहेछन्।' कानूनको संशोधन मस्यौदामा व्यापक छलफल हुनुपर्ने उनको सुझाव छ।

यस्तै व्यवहारिक समस्या समाधानका लागि सरकारले मुलुकी अपराध र देवानी संहितामा गर्न लागेको संशोधन विधेयक मस्यौदा प्रक्रिया अघि बढाएको छ। बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने माफी लगायतका विषयमा परिमार्जन र संशोधन गर्न मन्त्रिपरिषद्को विधेयक समितिमा पठाइएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार पारेको कानूनको संशोधन विधेयक मस्यौदामा संशोधन गरिनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून सचिव फणीन्द्र गौतमको संयोजकत्वमा समितिसमेत गठन गरिएको छ।

बहुविवाह लगायतका विषयमा मस्यौदामा लेखिएभन्दा गलत तरिकाले व्याख्या भएको कानून न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरासियाले बताएका छन्। उनले बुधबारको प्रतिनिधिसभा वैठकमा विधेयक समितिमा छलफल परिमार्जनसहित मन्त्रिपरिषद्मा स्वीकृत भएपछि संघीय संसदमा पेस हुने जानकारी गराएका छन्।

उनले बहुविवाहको विषय अनुमानको आधारमा व्याख्या गरिनुले अन्योल सिर्जना भएको बताएका छन्। दुई वर्षदेखिको अध्ययन सुझावपछि सरकारले कानूनमा संशोधन गर्न थालेको उनको भनाइ छ।

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश आनन्दमोहन भट्टराईको नेतृत्वमा रहेको अध्ययन समितिले २०८० असोज १० मा देवानी तथा फौजदारी कानून सुधारको सरकारलाई सुझाव दिएकोबारे उनले स्मरण गराए। त्यसपछि तत्कालीन महान्यायाधिवक्ता दिनमणि पोखरेलको संयोजकत्वमा रहेको अध्ययन सुझाव कार्यदलले सरकारलाई कानून संशोधनका लागि २०८० माघ १० मा प्रतिवेदन नै बुझाएको थियो। विद्यमान कानूनमा आएका व्यवहारिक समस्यालाई समाधान गर्नेगरी कानून संशोधनको लागि सरकारले प्रक्रिया अघि बढाएको हो।

अहिले अफवाह फैलिएको 'सरकारले बहुविवाह गर्न पाउने कानून बनाउँदै' भन्नेमा कानूनमन्त्री चौरासियाले संसद्मा स्पष्ट जवाफ दिएका छन्। 'समाजको विकासलाई टेवा पुऱ्याउँदै कानून बनाउनु हो। सामाजिक व्यवस्था नै खलल हुनेगरी कानून निर्माण हुन सक्दैन,' उनले भने। विधेयक मन्त्रिपरिषद्मै विचाराधीन रहेकै बेला गलत हल्ला फैलिएको उनले बताए। सरकारले तयार गर्दै गरेको कानूनको संशोधन मस्यौदा मंगलबार मन्त्रिपरिषद्को विधेयक समितिमा छलफल भएको थियो। 'विधेयकमा समावेश भएका बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने माफी लगायतका विषयमा परिमार्जन र संशोधन गर्न उपसमिति बनेको छ,' उनले भने।

कानून सचिवको संयोजकत्वमा कानून मन्त्रालय, कानून आयोग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महान्यायधिवक्ता कार्यालयका प्रतिनिधि रहनेगरी उपसमिति गठन भएको हो। उपसमितिले विधेयकमा आवश्यक संशोधन एवं परिमार्जन गर्ने भएको छ। त्यसपछि मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि संघीय संसदमा पेस हुनेछ। 'समाजलाई नकारात्मक असर पार्ने, मूल्य मान्यता प्रतिकूल हुनेगरी बहुविवाहलगायतको कुनै पनि विधेयक यस सभामा पेस नहुने प्रतिबद्धता जानकारी गराउँछु,' मन्त्री चौरसियाले भने।

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले बहुविवाहको विवादित मस्यौदाका बारेमा सरकारको जवाफ मागेका थिए। सांसदहरूले कानून संशोधन विधेयकको मस्यौदाको अध्ययन गर्नेतर्फ भन्दा पनि सुनेकै हल्लाको आधारमा अघिल्ला दिनमा जस्तै शून्य समयमा बहुविवाहलाई छुट दिनेगरी कानून बन्नु गलत भएको आवाज उठाएका थिए। सांसद गोकुल बाँस्कोटाले समाजमा भड्काउनेगरी गलत हल्ला फैलिएकोमा आश्चर्य व्यक्त गरे। 'बहुविवाह गर्न पाइने छैन मात्रै होइन कि महिलाले पनि बहुविवाह गर्न पाइने छैन भन्ने लेखिएको छ,' उनले भने, 'यसरी समाज भड्कियो।

राजनीतिक दलका भ्रातृ संगठनका राता, सेता किताब पढेका सबै एकै स्वरमा सकियो सकियो भनेका छन्। काग कता हो, कान कता हो, पिना कता हो केही पनि थाहा छैन।' सचेतनाका लागि छलफल हुनुपर्नेमा भ्रमबाट समाज अभ्यस्त भएको बाँस्कोटाले बताए।



काठमाडौंको माइतीघरमा बुधबार साँझ अनशन तोड्दै विनु यादव। बहुविवाहलाई मान्यता दिने कानुन ल्याउन पाइँदैन भन्दै शुक्रबारदेखि उनी अनशनमा बसेकी थिइन्। यादवलाई शंका लागेको जस्तो कानुन नआउने प्रतिबद्धता कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले जनाएपछि अनशन तोडिएको हो। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

- **झुक्याएर बिहे गर्नेले क्षतिपूर्ति दिनुपर्ने**
- **सन्तानको जन्मदर्ता, नागरिकता अधिकार सुनिश्चित गर्ने**
- **बहुविवाहबाट पीडित निर्दोषलाई न्याय दिन कानून संशोधनको गृहकार्य**
- **बहुविवाहलाई छुट दिने हल्ला अफवाह भएको कानूनमन्त्रीको प्रष्टीकरण**
- **बहुविवाह, बिहेको उमेर, आममाफी, अग्रिम जमानतमा सुधार प्रस्ताव**
- **मस्यौदा मन्त्रिपरिषद्को विधेयक समितिमा**

## चुनावी मोर्चाबाट छुट्टियो जनमत

- गठबन्धनबाट बाहिरिए पनि संघर्षमा सहकार्य हुने
- रुपन्देही-३ उपचुनावमा छुट्टै उम्मेदवार दिने
- मोर्चाको मत विभाजनसँगै उपचुनावको समीकरणमा असर

**news24**
**२१ साउन, बुटवल**

मधेश केन्द्रित सात दलीय संघीय लोकतान्त्रिक मोर्चाबाट जनमत पार्टी चुनावी गठबन्धनको सन्दर्भमा अलग भएको छ।

जनमत पार्टीले सरकारसँगका माग, संघर्ष र मुद्दामा भने मोर्चासँगै सहकार्य कायम रहने जनाएको छ। तर, चुनावी रणनीतिमा भने पार्टी छुट्टै बाटोमा हिँड्ने निर्णयमा पुगेको हो।

पार्टीका केन्द्रीय सचिव भोपेन्द्र यादवका अनुसार चुनावी मोर्चाबाट टाढा रहने निर्णय अनुसार बुधबार रुपन्देहीको सियारीमा आयोजित जनजागरण सभामा पनि जनमत पार्टी सहभागी भएन। 'सरकारसँगको संघर्षमा हामी मोर्चासँगै छौं, तर चुनावी गठबन्धनमा हामी रहने छैनौं,' उनले भने, 'त्यही कारण आजको सभामा हाम्रो उपस्थिति भएन।'

यो कित्ताकाट कात्तिक १७ को उपचुनाव लक्षित देखिएको छ। रुपन्देही-३ मा हुने उपचुनावलाई लक्षित गर्दै जनमतले आफ्नो छुट्टै उम्मेदवार दिने स्पष्ट संकेत दिएको छ। यादवले मोर्चालाई समर्थन नगर्ने निर्णय पार्टीले आन्तरिक रूपमा गरिसकेको बताएका छन्, यद्यपि यसको औपचारिक घोषणा भने भइसकेको छैन।

जनमतको निर्णयले मोर्चाको चुनावी गणितमा असर पर्ने देखिएको छ। २०७९ को आमचुनावमा रुपन्देही-३ मा ९० हजार मत खसेको थियो। समानुपातिक मतअनुसार गठबन्धनको मत कांग्रेस २०२७८, एमाले १६९८६, रास्वपा १४१५४, राप्रपा ९१८३, नागरिक उन्मुक्ति ६०००, जसपा ५०००, लोसपा ५००० र जनमत पार्टी ३७०० थियो।

अब जनमत पार्टी अलग भएपछि मोर्चाको कूल मत घट्नेछ, जसको सीधा असर उम्मेदवारको जित्ने सम्भावनामा पर्न सक्छ।

सियारीको सभामा मोर्चाका ६ दलका शीर्ष नेताहरू उपस्थित थिए। राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले उपचुनावलाई २०८४ को आमचुनावमा मधेशी मोर्चा जीवित रहने कि विलिन हुने परीक्षणको रूपमा हेर्नुपर्ने बताए।

नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरीले थारु समुदायको उम्मेदवारी भएकाले जसरी पनि जित्नैपर्ने दबाब रहेको बताए। उनले २०८२ को राजनीतिक सहमति कार्यान्वयन नभए त्यसको असर २०८४ मा देखिने चेतावनीसमेत दिए।

जनता प्रगतिशील पार्टीका ह दयेश त्रिपाठीले राज्यसत्ताले मधेशी, थारु र मुस्लिम समुदायलाई नछोएको आरोप लगाए। चुरे र वन विनाश गर्ने खालका कानून भए विद्रोहको सम्भावना रहेको बताए।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले लाल आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक गर्न माग गरे। जसपा नेपालका महासचिव रामकुमार शर्माले मधेश आन्दोलनको कारण नबिर्सिन आग्रह गर्दै मधेश केन्द्रित दलहरू एक नभएसम्म उत्पीडन अन्त्य नहुने बताए। लोसपाका नेता तथा प्रदेश मन्त्री सन्तोष पाण्डेले मोर्चाले साझा उम्मेदवार उठाउने निर्णय गरेकाले सबै दलले त्यसलाई साथ दिनुपर्ने बताए।

### 'एमसीसी जस्ताको...

तत्कालीन परराष्ट्र मन्त्रीले अस्वीकार गरे पनि पछि अमेरिकाले नै नेपाललाई सहभागी राष्ट्र घोषणा गरेपछि मन्त्रीले पार्टी र जनतालाई ढाँटेको स्पष्ट भयो।'

अध्यक्ष दाहालका अनुसार तत्कालीन अवस्थामा कांग्रेस एमसीसीलाई जस्ताको तस्तै पारित गर्न लागिपरेको उल्लेख गरे। एमालेसँग कुरा गर्दा कांग्रेसभन्दा पनि एमालेका अध्यक्ष केपी शर्मा ओली र एमाले नेतृत्व एमसीसीमा कमा, फुलिस्टप परिवर्तन गर्न हुँदैन भन्नेमा कांग्रेसभन्दा जोडका साथ आएको दाबी उनले गरे। 'हामीले त्यसरी जस्ताको तस्तै पारित गर्न नहुने भन्दै यदि एमाले तयार हुने हो भने नेतृत्व दिन पनि तयार थियौं,' उनले भने। तर, एमाले र कांग्रेस दुवैको अडान देखेपछि संशोधन सम्भव नहुने निष्कर्षमा पुगेको उनले सुनाए। 'हामीले व्याख्यात्मक टिप्पणीसहित संसदबाट पारित गऱ्यौं। संसदबाट अनुमोदन नभएको अवस्थामा त्यो जस्ताको तस्तै पारित हुने खतरा थियो,' उनले भने।

माओवादी केन्द्रले एमसीसी र आईपीएसप्रति सबैभन्दा स्पष्ट र दृढ अडान राखेको दाबी गर्दै भविष्यमा कुनै 'बदमासी' भए त्यसविरुद्ध आन्दोलन गर्न सकिने आधारका रूपमा व्याख्यात्मक टिप्पणीलाई प्रस्तुत गरेको उनले बताए।

## हुलाकपीडितले पैसा फिर्ता पाउने

**किरण कर्ण**
**जनकपुरधाम, साउन २१ –**

हुलाक बचत बैंकमा विगतमा भएको ठगी र अपचलनको घटनाका ७४६ जना पीडित बचतकर्ताले पैसा फिर्ता पाउने भएका छन्। हुलाक सेवा विभागको टोलीले पेस गरेको प्रतिवेदनलाई आधार बनाई बचतकर्ताको रकम फिर्ता हुने हुलाक निर्देशनालय धनुषाका प्रमुख जगदीश अर्यालले बताएका हुन्।

प्रतिवेदनलाई मुख्य आधार बनाई निर्देशनालयले बचतकर्ताको दायित्व रकम यकिन गरि गत माघमै मागदाबी तथा छुट नाम समावेशको लागि ३५ दिने सूचना प्रकाशित गरेको थियो। हुलाक बचत बैंकको नाममा रहेका तीन वटा बैंकहरूमा मौज्दात रकम हिमालयन बैंकको खाता एकीकृत गरेको जानकारी उनले दिए।

'राष्ट्रिय वाणिज्य बैंकसँग भएको सम्झौता बमोजिम कुल दायित्व रकम १ करोड ४८ लाख ८४ हजार ४५१ रुपैयाँ ७६ पैसा छ,' उनले भने, 'ऋण लगानीको उठ्न बाँकी रकम १८ लाख ८१ हजार २५० रुपैयाँ घटाई १ करोड ३० लाख ३ हजार २०१ रुपैयाँ ७६ पैसा बैंक खातामा हुलाकले पठाइसकेको छ।' बचतकर्ताको रकम फिर्ता हुने र त्यसको प्रक्रिया आफूहरूले अघि बढाइसकेको उनले प्रष्ट पारे। 'बचत बैंक राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण भएको सकेकाले बचतकर्ताको रकम अब कुनै पनि हालतमा डुब्दैन,' उनले भने।

हुलाक बचत बैंकको रकम अचलनका आरोपी सुनिल दास पनि पक्राउ परेको उनले बताए। अनियमितता गरेको खुलेपछि उनी फरार थिए। पीडितमध्येका दीपु साहले पैसा फिर्ता आउने खबरले हर्षित भएको बताए। उनले भने 'हाम्रो बचत हिनामिना भएको थाहा पाएदेखि निद्रा हराएको थियो,' उनले भने।

हुलाक बचत बैंक राष्ट्रिय वाणिज्य बैंकमा गाभिएको विषय सार्वजनिक रूपमा घोषणा नगरिएको कारण धेरै बचतकर्ताले वास्तविक स्थिति थाहा पाउन सकेका थिएनन्। यिनै कमजोरीको फाइदा उठाउँदै जनकपुरस्थित हुलाक कार्यालयका कर्मचारी दासले गाभिएको बैंकको जानकारी लुकाएर बचतकर्ताको पैसा अपचलन गरेका थिए।

वर्षौंदेखि जनकपुरको विभिन्न ठाउँका सर्वसाधारणलाई आकर्षक ब्याज दिने भन्दै हुलाक बचत खातामा रकम जम्मा गराउने नाममा ठगी गर्दै आएका थिए। राष्ट्रिय वाणिज्य बैंकमा गाभिएको जानकारी नहुँदा सर्वसाधारणले रकमको सुरक्षाबारे कुनै शंका गरेनन्। तर, जब उनी फरार भए, तब मात्र बचतकर्तालाई यथार्थ थाहा भयो।

स्रोतका अनुसार दासले व्यक्तिगत रूपमा करिब ८ करोड रुपैयाँभन्दा बढी संकलन गरेका थिए। उनले नक्कली रसिद, भुक्तानी विवरण र खाताको विवरण देखाएर सेवाग्राहीलाई झुक्याउने गरेका थिए।

यसपछि, पीडितहरूले उजुरी दिँदै आन्दोलन सुरु गरे। सञ्चार माध्यम र स्थानीय प्रशासनको ध्यानाकर्षणपछि अनुसन्धान अघि बढेको थियो। राष्ट्रिय वाणिज्य बैंक, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, तथा नेपाल सरकारको संयुक्त पहलमा अब ७४६ जना प्रमाणित पीडितलाई उनीहरूको रकम फिर्ता दिने प्रक्रिया सुरु गरिएको हो।

- **छानबिन प्रतिवेदनका आधारमा दायित्व यकिन**
- **तीन बैंकका मौज्दाता एउटा खातामा सारियो**
- **कुल दायित्व १ करोड ४८ लाख ८१ हजार**

## स्व-मूल्यांकन कार्यविधिविरुद्ध दलहरूको आक्रोश

# निर्वाचन आयोगको कदम असंवैधानिक



**news24**
**काठमाडौं, साउन २१**

निर्वाचन आयोगले तयार पारेको राजनीतिक दलहरूको स्व-मूल्यांकन कार्यविधिप्रति विपक्षी राजनीतिक दलहरूले असहमति जनाएका छन्। कांग्रेस र एमाले बाहेकका करिब एक दर्जन दलहरूले उक्त कार्यविधि संविधान, कानुन र आयोगको अधिकार क्षेत्र विपरीत रहेको ठहर गरेका हुन्।

बुधबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको बैठकमा दलहरूले आयोगले ल्याउन लागेको कार्यविधि असंवैधानिक, पक्षपाती र अन्य दलहरूको गतिविधि नियन्त्रित गर्ने नियतले ल्याइएको निष्कर्ष निकालेका हुन्।

बैठकमा माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा लगायतका दलहरू सहभागी थिए। दलहरूले आयोगको प्रस्तावित कार्यविधिबाट संविधानको मर्म र राजनीतिक दलसम्बन्धी ऐन उल्लंघन हुने स्पष्ट पारेका छन्। उनीहरूका अनुसार आयोगको प्रमुख भूमिका स्वतन्त्र, निष्पक्ष र विश्वासिलो निर्वाचन गराउने हो, न कि दलहरूको आन्तरिक मूल्यांकन र मूल्यांकनका आधारमा दर्ता खारेज गर्ने।

बैठकपछि एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले आयोग दलमाथि नियन्त्रण गर्ने हैसियतमा जान खोजेको आरोप लगाए। उनले भने, 'निर्वाचन आयोग अदालत होइन, प्रहरी होइन, उसले मूल्यांकन गरेर कारबाही गर्ने अधिकार पाउँदैन।' कार्यविधिले दलहरूलाई स्वेच्छाचारी रूपमा खारेज गर्न सक्ने बाटो खोल्ने खतरा रहेको उनले बताए।

रास्वपाकी सांसद सोविता गौतमले यो प्रस्ताव कांग्रेस र एमाले बाहेकका दलहरूलाई सीमित पार्न ल्याइएको दाबी गरिन्। उनले भनिन्, 'आयोगमा रहेका केही व्यक्ति सत्ता गठबन्धनको प्रवक्ता जस्तै व्यवहार गरिरहेका छन्।'

दलहरूले आयोगसँगै सुझाव दिने, विरोधपत्र बुझाउने र सार्वजनिक रूपमा असहमति जनाउने निर्णय गरेका छन्। आयोगले कार्यविधि सम्बन्धमा सुझाव माग्दै बिहीबारसम्मको समय दिएको छ। दलहरू भने त्यो कार्यविधि फिर्ता लिन आयोगसँग माग गर्नुपर्ने निष्कर्षमा पुगेका छन्।

दलहरूको संयुक्त धारणा अनुसार स्व-मूल्यांकन प्रक्रिया निर्वाचन आयोगले सीमाभन्दा बाहिर जान खोजेको अभ्यास हो, जसले दलहरूको स्वतन्त्रता र बहुदलीय प्रणालीमाथि खतरा निम्त्याउन सक्छ।

**आयोगको प्रमुख भूमिका स्वतन्त्र, निष्पक्ष र विश्वासिलो निर्वाचन गराउने हो, न कि दलहरूको आन्तरिक मूल्यांकन र त्यसका आधारमा दर्ता खारेज गर्ने**

## आजको राशिफल

**मेष** — धन लाभको सम्भावना छ। आत्मविश्वास बढ्नेछ। मान-सम्मानमा वृद्धि होला। नयाँ कामको थालनीका लागि समय उत्तम छ।

**वृष** — पुराना समस्याहरू सुल्झिनेछन्। पारिवारिक सम्बन्ध सुधारिनेछ। खर्चमा भने नियन्त्रण राख्नु बुद्धिमानी हुनेछ।

**मिथुन** — साझेदारीका काममा लाभ मिल्नेछ। मित्रहरूको सहयोग पाइनेछ। वैदेशिक यात्राको योजना बन्ने योग छ।

**कर्कट** — काममा सफलता मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ। सरकारी काममा सफलता प्राप्त हुने सम्भावना सक्छ।

**सिंह** — मनमा दुविधा रहन सक्छ। निर्णय लिँदा धैर्य अपनाउनुहोस्। अनावश्यक खर्च बढ्न सक्छ।

**कन्या** — सञ्चार माध्यमबाट लाभ मिल्नेछ। प्रेम र सम्बन्धमा सुधार हुनेछ। मनले फूर्ति अनुभव गर्ने रमाइलोको योग छ।

**तुला** — नयाँ योजना बन्नेछ। काममा व्यस्तता बढ्नेछ। आयस्रोत बढ्न सक्छ। व्यस्तताको चापले थकान महसुस हुन सक्छ।

**वृश्चिक** — विद्या र ज्ञानमा प्रगति हुनेछ। पुरानो सम्बन्ध पुनः जुर्न सक्छ। मान-सम्मान पाइने योग छ।

**धनु** — रुपैयाँ पैसाको लेनदेनमा सावधानी अपनाउनुपर्ने समय छ। पारिवारिक जिम्मेवारी बढ्न सक्छ। काम गर्दा संयमता आवश्यक देखिन्छ।

**मकर** — आत्मबलमा वृद्धि हुनेछ। प्रेममा सफलता मिल्नेछ। यात्राबाट फाइदा हुने सम्भावना छ।

**कुम्भ** — साझेदारीमा लाभ हुनेछ। लामो समयदेखिको समस्या समाधान हुने छ। नयाँ अवसर प्राप्त हुन सक्छन्।

**मीन** — मानसिक तनाव घट्नेछ। सहयोगीले साथ दिनेछन्। सानो प्रयासले ठूलो उपलब्धि प्राप्तिको सम्भावना छ।

# यार्सागुम्बा बिक्री नहुँदा संकलक र व्यापारी मारमा



**दानबहादुर बुढा**
**मुगु, साउन २०**

यस वर्ष यार्सागुम्बाको कारोबार कम भएको छ। अन्तर्राष्ट्रिय बजारदेखि स्थानीय बजारमा यसको मूल्य घटेको भन्दै ठूला संकलकले यार्सागुम्बा खरिद गर्न नचाहेपछि मुगुमा दुई क्विन्टलभन्दा बढी यार्सागुम्बा थन्किएको छ।

कारोबार हुने मुख्य समयमा नै यार्सागुम्बा थन्किएपछि संकलक र व्यापारी मारमा परेका छन्।

मुगु जिल्लाको पूर्वी भेगमा रहेको मुगूम कार्मारोङ गाउँपालिकाको वन क्षेत्र बहुमूल्य जडिबुटी यार्सागुम्बा पाउने स्थानका रूपमा परिचित छ।

स्वास्थ्यवर्द्धक, शक्तिवर्द्धक र रोगप्रतिरोधी क्षमताले भरिपूर्ण यार्सागुम्बा आयुर्वेद र एलोप्याथिक दुवै प्रकारका औषधीका लागि प्रयोग गरिन्छ।

समुद्री सतहबाट तीन हजार छ सय मिटरदेखि पाँच हजार मिटरसम्म वा सो भन्दा माथिको उचाइमा यो पाइन्छ। विश्वभर एक सय प्रजातिका यार्सागुम्बा पाइन्छन् भने चीनमा मात्रै २१, भारतमा सात र नेपालमा दुई प्रजातिका यार्सागुम्बा पाइन्छन्।

आर्थिक वर्ष २०८०/०८१ मा यार्सागुम्बा जिल्लाभर ७९.२०७ किलो निर्यात हुँदा प्रति किलो ३१ हजार रूपैयाको दरले २४ लाख ५५ हजार चार सय १७ रूपैया राजश्व संकलन भएको थियो भने आ.व २०८१/०८२ मा २६.२ किलो यार्सागुम्बा निर्यात हुँदा आठ लाख १२ हजार दुई सय रुपैयाँ राजश्व संकलन भएको देखिन्छ। यस्तै, विगतका बर्षहरूभन्दा पछिल्ला बर्षहरूमा बहुमूल्य जडिबुटी यार्सागुबाको मुख्य कारोबार अन्तर्राष्ट्रिय व्यापार कारोवार घट्नु, वन क्षेत्रमा अवैधरूपमा चोरी निकासी गर्नु, यार्सागुम्बा परिपक्व उमेर नहुँदै संकलन गर्न, स्थानीय समुदायमा जनचेतनाको कमजोरी, वन क्षेत्रमा आगलागी गर्नु, जलवायु परिवर्तन लगायतका कारणले यार्सागुम्बा उत्पादन कमी भएको वन डिभिजन कार्यालय, मुगुका निमित्त प्रकाश गिरीले बताउँछन्। गिरीले आगामी दिनमा यार्सागुम्बाको संरक्षण उत्पादनको लागी जनचेतनामूलक कार्याक्रम, अनुसन्धान, राज्यले निर्माण गरेको कार्ययोजना अनुसार काम गर्ने, जलवायु परिवर्तन रोकथाम, लगायतका कार्यक्रम अगाडि बढाउर्ने तयारी रहेको जानकारी दिए।

गत बर्षमा प्रतिगोटा यार्सागुम्बाको पाँच सयदेखि एक हजार र प्रति किलोको १७ लाखदेखि १८ लाख रुपैयाँसम्ममा कारोबार र बिक्री राम्रो हुने गरेको थियो। यो बर्षमा अन्तर्राष्ट्रिय बजारदेखि स्थानीय बजारसम्म यार्सागुम्बाको मूल्य घटेको भन्दै कारोबार नहुँदा ज्यानको बाजी राखेर संकलन गरेको यार्सागुम्बा संकलक स्थानीयहरू चिन्तित बनेका छन्। मुख्य आम्दानीको स्रोत नै यार्सागुम्बा भएको र सोही बेचेर १० महिनाभन्दा बढी घर खर्च धान्ने भएकाले यस वर्ष मुगूम कार्मारोङ गाँउपालिका संकलकहरू निकै समस्यामा परेका छन्।

मुगुका विभिन्न स्थानबाट दुई सय किलोभन्दा बढी संकलन हुन्छ। गत वर्ष राम्रो मूल्य पाउँदा खरिद बिक्री निकै राम्रो भएको थियो। यो बर्ष चीन लगायत अन्य देश र नेपालका स्थानीय बजारमा यार्सागुम्बाको मूल्य नहुँदा यार्सागुम्बा खरिद बिक्री नभएको मुगूम कार्मारोङ गाँउपालिका वडा नं. २ का वडाध्यक्ष च्यावा लामाले बताए।

# कर्णालीमा ९६ प्रतिशत धान रोपाइँ सम्पन्न

**सुर्खेत, साउन २०**

कर्णाली प्रदेशमा यस वर्षको धान रोपाइँ कार्य तीव्र गतिमा सम्पन्न हुँदै गएको छ। कृषि विकास निर्देशनालय कर्णाली प्रदेशका अनुसार कुल ४१ हजार ४२ हेक्टर धान खेती योग्य जमिनमध्ये हालसम्म ३९ हजार पाँच सय ९४.९ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ, जुन ९६ प्रतिशतको दरमा रहेको छ।

निर्देशनालयका निमित्त निर्देशक तिलकप्रसाद पाण्डेले जानकारी दिएअनुसार प्रदेशका १० जिल्लामध्ये जुम्ला, हुम्ला र डोल्पामा शतप्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ। जुम्लामा दुई हजार आठ सय ९० हेक्टर, हुम्लामा पाँच सय ८५ हेक्टर र डोल्पामा एक सय ९८ हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ।

चार जिल्लामा रोपाइँ ९९ प्रतिशतको हाराहारीमा पुगेको छ। जाजरकोटमा दुई हजार छ सय ४५ हेक्टरमध्ये दुई हजार छ सय २३ हेक्टरमा (९९.२ प्रतिशत), सल्यान, मुगु र रुकुम पश्चिममा समान रूपमा ९९ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। कालिकोटमा दुई हजार चार सय ६२ हेक्टर जमिनमध्ये दुई हजार चार सय १२ हेक्टर (९८ प्रतिशत) मा रोपाइँ सकिएको निर्देशनालयले जनाएको छ।

प्रदेशमा सबैभन्दा बढी धानखेती हुने जिल्ला सुर्खेतमा ९५ प्रतिशत रोपाइँ भएको छ। यहाँको कुल १४ हजार नौ सय २१ हेक्टरमध्ये १४ हजार एक सय ७४.९५ हेक्टर क्षेत्रमा रोपाइँ सकिएको छ। यस्तै, दैलेखमा सात हजार छ सय २० हेक्टरमध्ये सात हजार ८६.६ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ।

# लुम्बिनी क्रिकेट संघलाई नयाँ नेतृत्व चयनको बाटो खुला

**प्रकाश न्यौपाने**
**भैरहवा, साउन २१**

लुम्बिनी प्रदेश क्रिकेट संघमा नयाँ नेतृत्व चयनको बाटो खुलेको छ। आफूलाई पदमुक्त गर्ने निर्णय कानूनविपरीत भएको भन्दै संघका तत्कालीन अध्यक्ष संजय गुरुङले अदालतमा दर्ता गरेको रिट निवेदन बुधबार खारेज भएको छ।

गत चैत २२ मा संघका उपाध्यक्ष विनय राजभण्डारी प्रस्तावक बस्दै ३१ जना प्रतिनिधिले हस्ताक्षर गरेर गुरुङविरुद्ध अविश्वासको प्रस्ताव नेपाल क्रिकेट संघ (क्यान)मा पठाएका थिए। क्यानको निर्देशनअनुसार गत जेठ ३ मा तौलिहवामा भएको विशेष साधारणसभाबाट गुरुङविरुद्धको अविश्वास प्रस्ताव पारित भएपछि उनी पदमुक्त भएका थिए।

साधारणसभाको उक्त निर्णय, क्यानलगायत ६ जनालाई प्रतिवादी बनाउँदै गुरुङले उत्प्रेषण परमादेश माग गर्दै उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा गत जेठ २५ मा रिट निवेदन दर्ता गराएका थिए। उच्चका न्यायाशीधहरू जगतबहादुर थापा र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको इजलासले बुधबार गुरुङको पक्षमा उत्प्रेषण परमादेश दिन अस्वीकार गर्दै रिट खारेज गरिदिएको हो।

यससँगै संघलाई नयाँ अध्यक्ष चयनका लागि साधारण सभा आहृवानको बाटो पनि खुलेको छ। अदालतले साधारण सभाको निर्णय क्यानको विधान र कानूनसम्मत भनेको छ। गुरुङ डेढ वर्षयता संघको प्रदेश अध्यक्ष थिए। उनी रूपन्देही क्रिकेट संघका सचिव समेत हुन्। तौलिहवाको विशेष साधारणसभाले उनलाई पदमुक्त गर्दै उपाध्यक्ष विनय राजभण्डारीलाई कार्यवाहक अध्यक्ष तोकेको थियो। राजभण्डारीले विशेष अब छिटै वार्षिक साधारणसभा बोलाउने बताए।

## उखु किसानको आक्रोशः

# अनुदान नपाएको विरोधमा रौतहटमा टायर बालेर प्रदर्शन



**आरके श्रीवास्तव**
**रौतहट, साउन २०**

सरकारले दिने अनुदान समयमा नै वितरण नगरेको भन्दै रौतहटका उखु किसानहरू पुनः आन्दोलित भएका छन्।

रौतहटको डुमरियास्थित श्री बाबा बैजुनाथ सुगर एण्ड केमिकल इण्डष्ट्रिज अगाडि मंगलबार उखु उत्पादक संघ रौतहटको नेतृत्वमा किसानहरूले टायर बालेर विरोध प्रदर्शन गरे।

संघका अध्यक्ष अशोक यादवको नेतृत्वमा प्रदर्शनमा उत्रिएका किसानहरूले 'सरकारले दिने भनिएको अनुदान तुरुन्त उपलब्ध गर, ७० रुपैयाँ प्रतिक्विन्टल अनुदान पूर्णरूपमा दे, अनद्रदानमा गरिएको ३५ रूपैयाँ कटौती खारेज गर' भन्ने नारासहित आक्रोश पोखेका थिए।

कटहरिया नगरपालिका-९, डुमरियास्थित मिलको मूलगेट अगाडि गरिएको प्रदर्शनमा किसानहरूले सरकार, उद्योग र व्यापारी त्रिपक्षीय वार्ता गरी आर्थिक वर्ष २०८२/८३ को उखु मूल्य निर्धारण र बाँकी अनुदान भुक्तानी गर्न माग गरेका छन्।

**'माइतीघर मण्डलामा धर्ना दिन्छौं'**

प्रदर्शनका क्रममा बोल्ने अधिकांश नेताहरूले सरकारको बेवास्ता नीतिका विरुद्ध राजधानी केन्द्रित आन्दोलनको चेतावनी दिएका छन्। नेपाली कांग्रेसका कुमार चौलागाईं, एकीकृत समाजवादीका रामभरोस यादव, जसपाका राजकुमार दास तत्मा र संघ अध्यक्ष अशोक यादवले सरकारलाई तत्काल समस्या सम्बोधन नगरे राजधानीमा आन्दोलन चर्काउने बताए।

उनीहरूले किसानका माग सम्बोधन नगरेको खण्डमा आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिए। संघले भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा धर्ना दिने कार्यक्रम घोषणा गरिसकेको छ।

**चिनी उद्योगसमेत चिन्तित**

प्रदर्शनमा उद्योग सञ्चालकहरूले पनि साथ दिएका छन्। बाबा बैजुनाथ सुगर मिलका सञ्चालक बैजु बाबराले सरकारले अनुदान नदिए किसानहरूले उखु उत्पादन घटाउने सम्भावना रहेको बताए। त्यसले गर्दा चिनी उद्योगहरू ५० प्रतिशत मात्र क्षमतामा चल्न बाध्य छन् यसले झन् घाटा झेल्नुपर्ने अवस्था आउने उनको भनाइ छ।

'सरकारले ७० रुपैयाँमा कटौती गर्दै ३५ रुपैयाँमात्र दिने निर्णय गरेको छ जुन किसानलाई स्वीकार्य छैन,' उनले भने, 'यस आर्थिक वर्षदेखि त पूर्ण अनुदान नै हटाइएको छ। त्यसैले किसान आक्रोशित छन्।'

**१ अर्ब ६० करोडको अनुदान अझै बाँकी**

संघका अनुसार आर्थिक वर्ष २०८१/८२ को उखु अनुदानअन्तर्गत करिब एक अर्ब ६० करोड रुपैयाँ सरकारसँग बाँकी रहेको छ। चिनी उद्योगहरूले किसानलाई भुक्तानी गरिसकेको भए पनि सरकारी अनुदान रोकिएको किसानहरूको गुनासो छ।

नेपाल उखु उत्पादक महासंघको सर्लाही हरिवनमा बसेको बैठकपछि त्रिपक्षीय वार्ता र बाँकी अनुदान तुरुन्त भुक्तानी गर्न प्रधानमन्त्रीलाई ज्ञापन-पत्र बुझाइएको थियो। पहिलो चरणमा साउन १८ गते जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापन-पत्र बुझाइएको थियो भने साउन २० गते आज चिनी मिलअगाडि प्रदर्शन गरिएको हो।

संघले सरकारले माग सुनुवाइ नगरे चरणबद्ध आन्दोलन गर्दै जनदबाव सिर्जना गर्ने बताएको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

दोर्जी लामा
कार्यकारी निर्देशक

ThinkBiz

Koteshwor, Subidhanagar
Tel: 977-1-5914635
info@thinkbiz.com.np
www.thinkbiz.com.np

## सम्पादकीय

# मन जोड्ने सम्बन्ध आवश्यक

*भूपेरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडीसी)को तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा नेपाल भूपरिवेष्ठित होइन, भूजडित मुलुक भनेर दिनुभएको अभिव्यक्ती सराहनीय छ। विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रहरूलाई पछाडि पार्न नहुनेमा जोड दिँदै उहाँले निष्पक्ष व्यापार सर्तहरू र पारवहन व्यवस्थाका लागि सामूहिक दबाब दिनुपर्नेमा जोड दिनुभएको छ। यसका लागि द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरमा सहयोग र साझेदारीलाई बलियो बनाउन आवश्यक छ भन्ने प्रमद्वारा व्यक्त भएको छ। यो नेपालको लागि आफ्नो छवि र क्षमता सुधार गर्ने अवसर हो, जुन उन्नत कूटनीतिक पहलबाट सम्भव हुन सक्छ।*

*नेपालको संविधान २०७२ ले स्पष्ट रूपमा परराष्ट्रनीति संयुक्त राष्ट्रसंघ, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानून, र विश्वशान्तिका आधारमा सञ्चालन गर्न निर्देशन दिएको छ। नेपालका दुईमात्र छिमेकी भारत र चीनसँगको सम्बन्ध प्राचीनकालदेखि सांस्कृतिक, धार्मिक, राजनीतिक रूपमा अघि बढिरहेको छ। कहिल्यै कसैसँग पराधीन हुनु नपरे पनि नेपाल समय सन्दर्भ अनुसार छिमेकीहरूबाट बेला-बेला प्रभावित हुँदै भएन भन्न चाहिँ सकिँदैन। अहिले भूपरिवेष्ठित नेपाल बदलिँदो विश्व परिवेशमा भूजडित हुने तयारीमा अघि बढिरहेको छ। भूराजनीतिक अवस्थाका आधारमा हामीले फैलिने भनेको भूजडित सम्बन्धकै आधारमा हो। पछिल्ला दिनमा चीनसँग व्यापारिक मार्ग विस्तार भइरहेको छ र पारवहन सम्बन्धी ऐतिहासिक सम्झौता पनि भएको छ। सम्झौताले यसबाट फाइदा लिन नेपाल नै अग्रसर हुनुपर्नेछ। सोको तयारीका लागि हाम्रो परराष्ट्र निकायले राजनीतिक नेतृत्वलाई झकझक्याउनु पर्नेछ भने सबै दलको नेतृत्वले परराष्ट्र नीतिमा एक मत जाहेर गर्नुपर्नेछ।*

*पञ्चशीलमा आधारित नीति अवलम्बन गर्दै नेपालले दुवै देशबीचको सम्बन्धलाई नयाँ आयाममा लानुपर्ने देखिन्छ। अहिलेको पर्यावरणीय अवस्थाले तीन मुलुकको सहकार्य खोजेको छ। विगतमा हिमाललाई सिमाना मानिन्थ्यो। तर जलवायु परिवर्तनको बढ्दो असरसँगै अब हिमाली क्षेत्र सहकार्यको सेतु बनाउनुको विकल्प छैन। नेपालमा बग्ने सबै ठूला नदीको स्रोत तिब्बत भएको र नेपालको सबलता जलस्रोत र हरित ऊर्जा भएको सन्दर्भले नेपाललाई भूपरिवेष्ठितबाट भूजडित देशमा रूपान्तरण गर्न थप मद्दत पुऱ्याउनेछ। सिमाना जोडिएर मात्र भूजडित हुँदैन। आपसमा मन र सम्बन्ध पनि जोडिनुपर्ने। भूजडितको फाइदा के के हुन सक्छन्, नेपालले त्यसबाट के लाभ लिन सक्छ भन्नेमा राजनीतिक दलहरूले एक्यबद्ध धारणा ल्याउनु पर्नेछ। कुटनीतिलाई मार्गप्रशस्त गर्ने पनि आखिरमा राजनीतिले नै हो। तर, यथार्थमा नेपालको छवि अन्तर्राष्ट्रिय रुपमा धुमिल भएको अवस्थालाई नेपाली राहदानीको गिर्दो साखले प्रष्ट गरिरहेको छ।*

*पछिल्ला दिनमा भारत र चीन एसिया मात्र होइन विश्वकै प्रमुख अर्थतन्त्र हुन अग्रसर भइरहेको सन्दर्भमा त्यसको लाभ लिन पनि कुटनीतिक पहल तीव्र बनाउनुको विकल्प छैन। हामीले हाम्रो असंलग्नताको मान्यतालाई आधार मान्दै सन्तुलित विदेश नीति अपनाई त्रिदेशीय सहकार्यको पुल बन्न सक्ने सम्भावनालाई उजागर गर्नुपर्नेछ।*

*नेपालको परराष्ट्र नीतिका विज्ञ यदुनाथ खनालले 'छिमेकीले नेपालको विश्वसनीयता गुमाएमा विदेशनीति असफल हुन्छ, तर नेपाली स्वार्थका मुद्दामा संवादद्वारा समाधान खोज्नु नै कूटनीतिक सफलताको बाटो हो' भन्नुभएको छ। व्यवहारमा भूजडित बन्ने कुरा गर्दा खनालको यो भनाइ स्मरण गर्न जरुरी छ।*

# मानव सभ्यता अँध्यारोदेखि उज्यालोसम्म



news24 दैनिक

**नरेन्द्रजंग पिटर**

मानव सभ्यताको विडम्बनापूर्ण सत्य के हो भने कुनै समयमा बनेका अज्ञानता, पाखण्ड र अन्धविश्वास पछि गएर धर्म र संस्कृति बन्दै जान्छन्। अन्धविश्वास र विश्वासको द्वन्द्व, विश्वासको तर्क र तथ्यको परीक्षणमा सत्यहरू फेरिँदै जान्छन्। पुर्खादेखिका मान्यता र विश्वास ध्वस्त हुन्छ भन्ने डरले अन्धविश्वासीहरू जिज्ञासा राख्न डराउँछन्। मानव सभ्यता विकासमा विज्ञान र आध्यात्मिक ज्ञानको दुई मार्गद्वारा अगाडि बढ्दै गए। विज्ञान प्रयोग र तर्कमा आधारित हुन्छ भने धर्म विश्वास र शास्त्रीय ग्रन्थमा। यी दुई मार्गमा सत्यको परिभाषा पनि फरक हुन्छ। विज्ञानको सत्य परिवर्तनशील हुन्छ भने धर्मले सत्य अपरिवर्तनीय ठान्छ। यही अन्तरले विश्वमा सयौं द्वन्द्व, संघर्ष र युद्ध जन्माए।

विज्ञानमा एउटा समयको सत्य अर्को समयमा अपूर्ण साबित भए हार्दिकताका रूपमा स्वीकारिन्छ, सुधारिन्छ। डीएनएको खोजले मानव, इतिहास र अवस्थाबारे थप प्रमाणमात्र दिएन, क्रिस्पर प्रविधिबाट जीन सम्पादन गर्न सक्ने अवस्थामा पनि पुऱ्याइसक्यो। मानव सभ्यताको यात्रा एक जटिल र समृद्ध गाथा हो। प्राचीन भारत, चीन, इस्लामी स्वर्णयुग र युरोपको डार्क युगबाट पुनर्जागरणसम्मका योगदानहरूले ज्ञानको विश्वव्यापी भूगोल निर्माण गरे। गणित, खगोलशास्त्र, चिकित्सा, दर्शन र प्रविधिमा अभूतपूर्व उपलब्धिहरू हासिल भए। तर धार्मिक रूढिवाद, राजनीतिक अस्थिरता र सामाजिक अवरोधहरूले यी प्रगतिहरूलाई बारम्बार चुनौती दिए।

प्राचीन भारतका आर्यभट्टले शून्य, दशमलव प्रणाली र पृथ्वीको घूर्णनको अवधारणा प्रस्तुत गरे। ब्रह्मगुप्तले बीजगणित र नकारात्मक संख्याहरूको सिद्धान्त विकास गरे। चरक र सुश्रूतले आयुर्वेद र शल्यक्रियालाई व्यवस्थित गरे। सांख्य, योग, न्याय, वैशेषिक र वेदान्त दर्शनहरूले तर्क, मेटाफिजिक्स र आध्यात्मिकताको संयोजन गरे। तर धार्मिक रूढिवाद, भक्ति आन्दोलन र मनुस्मृतिको जात व्यवस्थाले तर्कवादी र वैज्ञानिक सोचलाई सीमित गऱ्यो। गुप्त साम्राज्यको पतन र तुर्क आक्रमणहरूले नालन्दा र तक्षशिला विश्वविद्यालयहरू ध्वस्त गरे।

अर्कोतिर, इस्लामी स्वर्णयुग (८औं-१३औं शताब्दी)मा अब्बासिद खलिफात र अल-अन्दलुसले विश्व ज्ञानको संरक्षण र विस्तार गरे। अल-ख्वारिज्मीले बीजगणितको आधार तयार गरे। इब्न सिनाको 'कानुन फी अल-तिब' मध्यकालीन चिकित्साको आधार बन्यो। तर अल-गजालीको तर्कवादी दर्शन र विज्ञानको आलोचनाले वैज्ञानिक अनुसन्धानलाई हतोत्साहित गऱ्यो। बगदादको पतनले बौद्धिक केन्द्र ध्वस्त भए।

उता, युरोपको डार्क युग र पुनर्जागरण (५औं-१७औं शताब्दी) युगमा ख्रिश्चियन चर्चले वैज्ञानिक सिद्धान्तहरूलाई दबायो। ग्यालिलियोमाथि मुद्दा चलाइयो। तर इस्लामी र भारतीय ज्ञानको प्रभावले पुनर्जागरणमा विश्वविद्यालयहरू स्थापना भए। कोपर्निकस, ग्यालिलियो र न्यूटनले वैज्ञानिक क्रान्तिको आधार तयार गरे। छापाखानाले ज्ञानको प्रसारलाई तीव्र बनायो।

त्यस्तै, चीनमा कन्फ्युसियस, लाओत्से र चान बौद्ध धर्मले चिनियाँ चिन्तनलाई समृद्ध बनाए। कागज, छापाखाना, बारुद र कम्पासले विश्व प्रविधिमा क्रान्ति ल्यायो। तर, कन्फ्युसियसवाद र लिगलिज्मले व्यक्तिगत स्वतन्त्रता र नवप्रवर्तनलाई सीमित गऱ्यो।

रेशम मार्ग र ज्ञानको विश्वव्यापीकरण हुँदा भारत, चीन, इस्लामी विश्व र युरोपबीच व्यापार, ज्ञान र संस्कृतिको आदानप्रदान भयो। भारतीय शून्य, चिनियाँ कागज र इस्लामी बीजगणित विश्वभर फैलिए। तर युद्ध, धार्मिक तनाव र भौगोलिक अवरोधहरूले ज्ञानको प्रवाहमा कठिनाइ ल्यायो।

तर, ज्ञानको विस्तारमा बाधाहरू नभएका होइनन्। भारत, चीन, इस्लामी विश्व र युरोपले त्यो भोग्यो। ज्ञानको साझा सम्पदा निर्माण हुँदै गर्दा धार्मिक रूढिवाद, राजनीतिक अस्थिरता, सामाजिक सीमाहरू र भाषिक अवरोधहरूले प्रगतिमा बाधा पुऱ्याए। रेशम मार्ग र अनुवाद आन्दोलनले यी जटिलताहरूलाई अतिक्रमण गऱ्यो। युद्धपिपासुहरू र धार्मिक रूढिवादीहरूले ज्ञानका केन्द्रहरू किन नष्ट गर्छन् ? प्रश्न उठ्ने गर्छ।

पुस्तकालय, विश्वविद्यालय र संग्रहालयहरू सभ्यताको बौद्धिक र सांस्कृतिक पहिचानका प्रतीक हुन्छन्। तिनलाई ध्वस्त गर्न शत्रुको आधार कमजोर बनाउनु हो। नालन्दा र तक्षशिलाको विनाश यसका उदाहरण हुन्। साथै, वैचारिक नियन्त्रण अर्को दुष्प्रयास हो। ज्ञानका केन्द्रहरूले आलोचनात्मक सोच र स्वतन्त्र विचारलाई प्रोत्साहन गर्छन्, जुन रूढिवादी शासकहरूका लागि खतरा हुन्छ। नालन्दा जस्ता मठ समृद्ध थिए, जसलाई लुट्न युद्धपिपासुहरू उद्यत भए। त्यस्तै, शत्रुको इतिहास र पहिचान मेटाएर मनोबल कमजोर बनाउने रणनीति पनि अपनाइयो।

चार्वाक ग्रन्थहरूको अभावचार्वाक दर्शनले वेद र कर्मकाण्डलाई चुनौती दियो, जसले ब्राह्मणवादी रूढिवादलाई आक्रोषित बनायो। बौद्ध र जैन दर्शनले पनि चार्वाकलाई 'पाखण्डी' ठान्थे। मौखिक परम्परा, बाह्य आक्रमण र सामाजिक बहिष्कारले चार्वाक ग्रन्थहरू हराए।

जब धर्मको सत्यलाई अन्तिम, निरपेक्ष र आलोचनामुक्त बनाइन्छ, त्यो कट्टरताको औजार बन्दै जान्छ। 'मेरो धर्म मात्रै सत्य' भन्ने सोचले अन्य धर्मावलम्बीहरूलाई अपवित्र, अधर्मी र निच ठहराउँछ। तब आध्यात्म घृणाको कारखानामा फेरिन्छ। यस्ता सोचबाट धर्म युद्ध, 'जिहाद', 'धार्मिक दण्ड', 'गो-हत्या विरुद्ध हत्यासम्मको हिंसा' हुन्छ। ऐतिहासिक रूपमा क्रूसेड युद्धहरू, मुस्लिम आक्रमणहरू, जातीय सफाया, हिन्दु-मुस्लिम दंगा, तालिबानी कट्टरता, इजरायलले गाजामा गरेको नरसंहार यस्ता सोचका परिणाम हुन्।

धर्मभित्रकै उपसमूहहरू पनि एकअर्कासँग द्वन्द्वमा छन्। इस्लाममा शिया र सुन्नीबीचको सदियौं पुरानो रक्तपात रोकिएको छैन। इसाई धर्ममा क्याथोलिक र प्रोटेस्ट्यान्टबीचको संघर्षले आयरल्यान्डलाई दशकौं हिंसाको भूमि बनायो। १६औं-१७औं शताब्दीमा युरोपमा यी सम्प्रदायबीच भयावह युद्धहरू भए। आयरल्यान्ड, जर्मनीजस्ता देशलाई चिरा-चिरा पारे। यहुदी, इसाई र इस्लाम– तीनै इब्राहिमी धर्महरूले जेरुसेलमलाई पवित्र भूमि मानेर सशस्त्र संघर्ष गरिरहेका छन्। क्रुसेड झेलेका यहुदी अतिवादी शासकहरूले अहिले गाजामा नरसंहार गरिरहेका छन्।

हिन्दु धर्ममा शैव, शाक्त, वैष्णव सम्प्रदायबीच पूजा, ब्रह्मत्व र दर्शनको मतभेदले धार्मिक सहिष्णुतामा असर पारेको छ। यस्ता आन्तरिक संघर्षहरूको कारण धार्मिक सत्यलाई शाब्दिक र परिवर्तनविहीन रूपमा व्याख्या गर्न हो। हिन्दु धर्ममा पनि 'धार्मिक यज्ञका लागि बलि' वा 'धर्मको रक्षाका लागि युद्ध' लाई धर्मसम्मत मानियो। आजको युगमा पनि धार्मिक पहिचानकै नाममा नरसंहार भइरहेको छ। धर्मको मूल आधार 'शाश्वत सत्य' मा अडिएको छ।

जेरुसेलम–जहाँ तीन इब्राहिमी धर्महरू आस्था राख्छन्– विश्वकै सबैभन्दा विवादित र रक्तरञ्जित शहर बन्यो। धर्मका नाममा दसौं क्रुसेड युद्धहरू भएर 'धर्मको शत्रु' को संहारलाई 'पुण्यकर्म' भनियो। अफगानिस्तान, नाइजेरिया, पाकिस्तान, भारत, म्यानमार कुनै देश अछुतो छैन। इस्लामिक स्टेट होस् वा हिन्दु राष्ट्रवाद, सबैले धर्मलाई राष्ट्र र राजनीतिसँग जोडेर प्रयोग गरेका छन्।

विज्ञान पराजयलाई प्रगतिका सीढी बनाउँछ, तर धर्महरू आफ्नै सत्यको घेराभित्र टाँगिन्छन्। प्रश्न गर्ने, असहमत हुने र बहस गर्ने स्वतन्त्रता नै आधुनिकताको आधार हो। यदि हामीले धर्मको नाममा युद्ध, घृणा र विभाजनको चक्र तोड्न चाहन्छौं भने विज्ञानको जस्तो खुला सोच र विवेकको अभ्यास धर्मप्रति पनि गर्नुपर्छ। विज्ञान यस्तो प्रणाली हो जसमा आजको सत्य भोलिको अनुसन्धानबाट पराजित हुन सक्छ। न्यूटनको गुरुत्वाकर्षण सिद्धान्तलाई आइन्स्टाइनको सापेक्षिकता सिद्धान्तले पुनर्व्याख्या गऱ्यो। डार्विनको विकासवादपछि डीएनएको खोजले मानव उत्पत्तिबारे गहिरो सत्य खोज्यो। वैज्ञानिक समुदायले पुराना सिद्धान्तलाई फाल्दैन, तर नयाँ प्रमाणलाई समेटेर दृष्टिकोण परिष्कृत गर्छ। यही विनम्रता र अनुसन्धानमैत्री प्रवृत्तिले मानव सभ्यतालाई अन्तरिक्ष, मस्तिष्क र अणुको तहसम्म पुऱ्यायो। धर्मले जीवनलाई अर्थ दिन सक्छ, तर विज्ञानले साधन दिन्छ। कुनै पनि समाजले तर्क र करुणाको सन्तुलन बिना स्वतन्त्र, न्यायिक र शान्तिपूर्ण बन्न सक्दैन। विज्ञान र धर्मको स्वभावगत भिन्नतामा विज्ञान प्रश्न गर्छ, तर्क गर्छ, जिज्ञासा उठाउँछ। विज्ञानको मूल स्वभाव सन्देह, परीक्षण र निरन्तर सुधार हो।

इतिहासमा धर्म र विज्ञानको संघर्ष चल्दै रह्यो। ग्यालिलियोले पृथ्वी सूर्यको वरिपरि घुम्छ भन्दा अपराधी ठानियो। जियोर्दानो ब्रुनोलाई यथार्थ बोलेको अभियोगमा जिउँदै जलाइयो। धर्मको आलोचना गर्ने धेरै दार्शनिक, वैज्ञानिक र साहित्यकारहरूलाई अपमान, निर्वासन, कारावास वा मृत्युसम्मको सजाय दिइयो।

मानव सभ्यताको अध्यारोदेखि उज्यालोसम्मको यात्रा भारत, चीन, इस्लामी स्वर्णयुग र युरोपको योगदानले सम्भव भयो। यी सभ्यताहरूले गणित, चिकित्सा, दर्शन र प्रविधिमा अभूतपूर्व उपलब्धिहरू हासिल गरे। तर, धार्मिक रूढिवाद, राजनीतिक अस्थिरता र सामाजिक अवरोधहरूले प्रगतिलाई चुनौती दिए। युद्धपिपासु र रूढिवादीहरूले ज्ञानका केन्द्रहरू नष्ट गरे, तर ज्ञानको विश्वव्यापी प्रवाहले मानवजातिको बौद्धिक सम्पदालाई जीवित राख्यो। ज्ञानको शक्ति अवरोधहरूभन्दा बलियो छ, र यो मानव प्रगतिको आधार हो। विज्ञानले आलोचक र खोजकर्ता जन्माउँछ। विज्ञानले आफूलाई निरन्तर प्रश्न गर्छ, धर्मले ग्रन्थहरूलाई प्रश्नमाथिको आक्रमण ठान्छ। मानव सभ्यताको हितका लागि धर्मलाई आत्मसमीक्षा र समयानुकूल व्याख्याको मार्गमा जान जरूरी छ।

धर्म जब सामाजिक नियन्त्रणको औजार बन्छ, तब व्यक्तिको विवेक, स्वतन्त्रता र तर्कशक्ति मर्ने खतरा हुन्छ। अन्यथा, श्रद्धाको नाममा हिंसा र युद्ध कहिल्यै टुंगिने छैन। धर्मले युद्ध होइन करुणा, सत्य र सहिष्णुता सिकाउनुपर्छ। ज्ञान सधैं परिवर्तनशील हुन्छ–विवेक नै अन्तिम धर्म हो।

> **ज्ञानले आलोचनात्मक सोच र स्वतन्त्र विचारलाई प्रोत्साहन गर्छन्, जुन रूढिवादी शासकका लागि खतरा हुन्छ। विज्ञानमा आधारित आजको सत्य भोलि परिमार्जित वा परिवर्तित हुन सक्छ। तर पनि वैज्ञानिक दृष्टिकोणमा पुराना सिद्धान्तलाई फालिँदैन। धर्मले जीवनलाई अर्थ दिन सक्छ भने विज्ञानले साधन दिन्छ। कुनै पनि समाज तर्क र करुणाको सन्तुलनबिना स्वतन्त्र, न्यायिक र शान्तिपूर्ण बन्न सक्दैन।**

# प्राकृतिक जोखिम भनेको वित्तीय जोखिम हो

**जुली म्याकाथी, प्याट्रिक ओडियर**

सन् २००४ को डिसेम्बर २६ मा आएको विशाल समुद्री भूकम्पले एक प्रलयंकारी सुनामी निम्त्यायो। सो सुनामीले दक्षिणपूर्वी एसियामा २ लाख ३० हजार मानिसको ज्यान लियो। यस्तो अभूतपूर्व घटनाले मानिसहरू विस्मयमा परे। अन्य प्राणी पनि यसबाट अछुत रहेनन् तर तीनमा हात्ती भने अपवादका रूपमा रह्यो। थाइल्यान्ड र श्रीलंकामा भूकम्प आउनुभन्दा केही घण्टा अघिदेखि नै हात्तीहरूले अस्वाभाविक व्यवहार देखाउन थालेका थिए। जंगली हात्तीहरू उचो ठाउँतिर भागेका थिए भने घरपालुवा हात्तीहरूले आफ्ना माउतेलाई टेरेनन्। पर्यटक बोकेको अवस्थामा पनि तिनले अह्राएको भन्दा अर्कै व्यवहार गरे।

तिनीहरूले अरू प्रजातिले महसुस गर्न नसक्ने भूकम्पका 'लो फ्रिक्वेन्सी' का कम्पनहरू महसुस गरेका थिए, अनि अग्रिम चेतावनी स्वरूप प्रतिक्रिया जनाएका थिए। त्यसो हुँदा तिनीहरूको बाँच्ने सम्भावना धेरै भयो।

आज फेरि अर्को, अझ ठूलो संकट उदाउँदैछ। तीव्र गतिमा भइरहेको पृथ्वीको तापवृद्धि र वातावरणीय क्षयले विश्वको प्रत्येक आर्थिक क्षेत्रलाई नै खतरा उत्पन्न गराइरहेको छ। अधिकांश लगानीकर्ताहरू परम्परागत ढंगमै अघि बढिरहेको देख्दा के लाग्छ भने तिनीहरू आसन्न खतराबारे अनविज्ञ छन्। यद्यपि, एउटा तप्का आसन्न संकटबाट सुरक्षित हुने प्रयासमा छ, त्यो समूह - दीर्घकालीन सम्पत्तिका मालिकहरूको हो। तीनमा अवकाश कोष र स्वायत्त सम्पत्ति कोषका सञ्चालकहरू पर्छन्।

यी लगानीकर्ताहरू, हेज फन्ड वा प्राइभेट इक्विटी फर्महरूभन्दा फरक छन्, किनभने उनीहरूले आफूले व्यवस्थापन गर्ने सम्पत्तिमा पुस्तागत दृष्टिकोण अपनाउँछन्। उनीहरूले वित्तीय स्थायित्व र वातावरणीय स्थायित्वबीचको अटुट सम्बन्धलाई बेवास्ता गर्न सक्दैनन्। यो बुझाइ कर्जा स्थगन गठबन्धन र विकासको लागि कर्जा आदानप्रदान विश्व केन्द्रमार्फतका नयाँ प्रयासहरूमा प्रतिबिम्बित भएको पनि छ। केहीले जलवायु परिवर्तनसम्बन्धी विषयमाथि मनन गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको कामको विस्तार भएको बताउँछन्। तर, लगानीकर्ताहरूले के बुझिसकेका छन् भने प्रकृति र जलवायु जोखिमहरूले अब विश्व अर्थतन्त्रका हरेक पाटोमा अल्पकालीन वा दीर्घकालीन प्रभाव पार्नेछ निश्चितजस्तै छ।

त्यसैले, धेरै शेयरधनी र सीईओहरू त्रैमासिक नाफामा ध्यान दिइरहेका बेला, दीर्घकालीन लगानीकर्ताहरू भने कम्पनीहरूलाई प्रकृतिक पुँजी जोखिमका आधारमा लगानी मूल्यांकन गर्न थालेका छन्, ता कि वातावरणीय प्रभावबाट सम्पत्तिको दीर्घकालीन मूल्यमा पर्ने असरको पूर्वानुमान गर्न सकियोस्। १.७ ट्रिलियन अमेरिकी डलरको सम्पत्ति व्यवस्थापन गर्ने नर्वेको सरकारी पेन्सन कोषले आफ्नो ९६ प्रतिशत पोर्टफोलियोमा यस्ता जोखिमको मूल्यांकन गरिरहेको छ। यो केवल पर्यावरणीय, सामाजिक, र सुशासन प्रतिबद्धताको आन्तरिक परिमार्जन मात्र होइन; ठूलो संस्थागत परिवर्तन पनि हो।

नर्वे मात्र होइन फिनल्यान्डको राज्य पेन्सन कोषले हालै दीर्घकालीन पेन्सन दायित्वसँग सम्बन्धित प्रकृतिमा आधारित वित्तीय जोखिमहरू कसरी मापन गर्ने भन्ने विषयमा अध्ययन सुरु गरेको छ। साथै, सिंगापुरको टेमासेक होल्डिङ्सले स्याटेलाइट निगरानी र जैविक विविधताको डेटा प्रयोग गरी प्राकृतिक पुँजीसम्बन्धी जोखिम र अवसरहरूको मूल्यांकन गर्न थालेको छ।

हालको समयमा पर्यावरणीय, सामाजिक, र सुशासन संरचनाहरू राजनीतिक र सांस्कृतिक विवादको विषय बने पनि यी कदमहरू राजनीतिक दबाव वा सामाजिक प्रवृत्तिले नभएर व्यवहारिक खाँचो र चाँडो निर्णय गर्नुपर्ने आवश्यकताले प्रेरित छन्। अहिले नै चरम मौसम, जैविक विविधताको नाश, जल संकट र स्रोतको अभावले अर्थतन्त्रमा प्रभाव पारिरहँदा विशेषगरी निम्न आय भएका देशहरू बढी प्रभावित भएका छन्।

सन् २०२२ मा पाकिस्तानमा आएको बाढीले ४० प्रतिशत जनशक्तिलाई रोजगारी दिएको कृषि क्षेत्र तहसनहस पार्दा खाद्यान्नको मूल्य बढ्यो र देशको अर्थतन्त्रलाई नै संकटमा पुऱ्याएको थियो। इन्डोनेसियामा पाम आयल उत्पादनका लागि जथाभावी वन विनाश गर्दा प्राकृत क्षेत्र नष्ट भयो र अन्ततः २०२२ मा पाम आयलको निर्यातमै प्रतिबन्ध लगाउनुपर्ने बाध्यता आइलाग्यो। ब्राजिल र इथियोपियामा, बढ्दो तापक्रम र अनियमित वर्षाले कफी उत्पादन घट्दा ग्रामीण आम्दानी तथा निर्यात राजस्व घट्यो, अर्कोतिर कफीको अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्न गयो।

उच्च-आय भएका देशहरू पनि यस्ता जोखिमबाट अछुतो छैनन्। अमेरिकामा, लामो खडेरीले अर्कान्ससदेखि ओक्लाहोमासम्मको खेतीलाई असर गरिरहेको छ। यसले किसानहरूलाई अझ गहिरो इनार खन्न र कम नाफा हुने बाली लगाउन बाध्य बनाइरहेको छ। अर्कातिर आँधीबेहेरी र जंगली डढेलोजस्ता जलवायुजन्य प्रकोपहरूले घर बिमा सेवा प्रदायकहरूलाई प्रिमियमको रकम बढाउन, बिमाको क्षेत्र साँघुरो पार्न र जोखिमयुक्त क्षेत्रहरूमा बिमा सेवा नदिन बाध्य बनाइरहेका छन्। युरोपमा पनि प्राकृतिक जोखिमले इटाली र ग्रीसको जैतुन तेल उत्पादनमा ह्रास आएको छ भने फ्रान्स, इटाली र स्पेनको अंगुर खेती खुम्चिएको छ। केन्द्रीय र उत्तरी युरोपको काठ आपूर्ति मात्रै होइन भूमध्यसागरको मत्स्यपालन र राइन तथा डेन्यूब नदीहरूको जल यातायातमा पनि प्रतिकूल असर परेको छ। अनि भ्यालेन्सिया र टेक्सासजस्ता ठाउँहरूमा स्पष्ट रूपमा देखिने प्रकृति र जलवायु संकटको विशाल मानवीय लागतलाई त समेट्नै सकिँदैन।

यति हुँदा पनि यस्ता जोखिमहरू अझै वित्तीय खाकामा समावेश गरिएका छैनन्। यसको एक कारण हो, प्राकृतिक पुँजी र हरितगृह ग्यास उत्सर्जनको डेटाको अपूर्णता। यस्ता जोखिम जटिल र प्रणालीगत हुन्छन्, किनभने जल संकट, जैविक विविधताको क्षय, र जलवायु परिवर्तनले सबै क्षेत्र र देशहरूमा असर पारेको छ। र यो असर शृंखलाबद्ध रूपमा हुने गरेको छ। अझै पनि यस्ता जोखिमको मापन वा प्रतिवेदनको कुनै स्पष्ट मापदण्ड छैन। यसले गर्दा स्थान-विशेषको वातावरणीय डेटाको अभावमा बैंकहरूले आफ्ना ऋणीहरूको वातावरणीय निर्भरता मूल्यांकन गर्न असक्षम छन्। तर, अब नयाँ संयन्त्र विकास हुँदैछन्, जसले यी समस्याहरू सम्बोधन हुनेछन्। उदाहरणका लागि, इनकोर नामक निःशुल्क अनलाइन उपकरणले वित्तीय संस्थाहरूलाई ऋण, बिमा वा लगानीमार्फत कुन प्रकृति सम्बन्धी जोखिममा छन् भन्ने मूल्यांकन गर्न मद्दत गर्छ।

त्यस्तै, प्रकृतिसँग सम्बन्धित वित्तीय कार्यदलले प्रकृति जोखिमलाई वित्तीय निर्णयहरूमा समावेश गर्न व्यवसाय र वित्तीय संस्थाहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले खाकाहरू तयार पारेको छ। केही केन्द्रीय बैंकहरूले जलवायु र प्रकृतिसम्बन्धी जोखिमले अर्थतन्त्र र वित्तीय प्रणालीमा पार्ने असरको मूल्यांकन गर्न एकीकृत खाका पनि विकास गरिरहेका छन्। त्यसमाथि, अब नयाँ जैविक डेटा प्रविधि पनि उपलब्ध छ, त्यसैले अब लगानीकर्ताहरूले अचुवामा निर्णय गर्नुपर्ने अवस्था छैन।

लगानीकर्ताहरूले वातावरणीय अस्थिरताका वित्तीय असरहरू, जस्तै कृषि सम्पत्तिको क्षति वा जलवायु-संवेदनशील देशहरूको क्रेडिट रेटिङमा आएको गिरावटको मार पहिले नै भोगिरहेका थिए। यसर्थ, प्राकृतिक जोखिम भनेको वित्तीय जोखिम हो भन्ने कुरामा कुनै शंका छैन। लगानीकर्ता, केन्द्रीय बैंक, र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाहरूले अब यो यथार्थलाई आफ्ना सबै गतिविधिमा समावेश गर्नुपर्नेछ। त्यो कदम हामीले सोच्न नसकिने र रोक्न नसकिने कुनै अनिष्ट हुनुअगाडि नै गर्नुपर्नेछ।

*© प्रोजेक्ट सिण्डिकेट*

> **ज्ञानले आलोचनात्मक सोच र स्वतन्त्र विचारलाई प्रोत्साहन गर्छन्, जुन रूढिवादी शासकका लागि खतरा हुन्छ। विज्ञानमा आधारित आजको सत्य भोलि परिमार्जित वा परिवर्तित हुन सक्छ। तर पनि वैज्ञानिक दृष्टिकोणमा पुराना सिद्धान्तलाई फालिँदैन। धर्मले जीवनलाई अर्थ दिन सक्छ भने विज्ञानले साधन दिन्छ। कुनै पनि समाज तर्क र करुणाको सन्तुलनबिना स्वतन्त्र, न्यायिक र शान्तिपूर्ण बन्न सक्दैन।**

## पाठक मञ्च

# वनमाराको मार

नेपालले संरक्षणको क्षेत्रमा राम्रो काम गरेको भन्ने समाचार बेला-बेलामा सुन्न पाइन्छन्। तर, निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रमा पछिल्लो चरणमा देखिन थालेको एउटा समस्या हो, वनमारा झारको प्रकोप। वन्यजन्तु, पन्छी र सरीसृपहरू बस्ने वन क्षेत्रमा मिचाहा प्रजातिका झार र लहरको अतिक्रमण बढ्दा वन्यजन्तुको आहारामै कमी हुन थालेको छ। यसले वन्यजन्तुको आहारा, स्वास्थ्य, पर्यावरण र जैविक विविधतालाई नै असर पुऱ्याइरहेको छ।


नेपालकै पहिलो रामसार सूचीमा सूचीकृत कोशी टप्पु वन्यजन्तु आरक्षमा पनि त्यो समस्याले पिरोल्न थालेको छ। सिमसार क्षेत्रमा मिचाहा झार फैलँदा सिमसारको अस्तित्व नै संकटमा पर्ने डर छ। मिचाहा प्रजातिका लहराले वन क्षेत्र छप्पक्कै छोप्दा रुख-बिरुवा पनि बढ्न पाउँदैन। हाल कोशी टप्पु आरक्ष क्षेत्रमा वनमारा, गन्धे झार, जलकुम्भी मज्जाले मौलाएको छ। यसबाहेक आरक्ष क्षेत्रमा सेतो वनमारा, जलकुम्भी, लहरे वनमारा, वनफाँडा, लुँडेकाँडा, नीलो गन्धे, कालो वनमारा, लज्जावती, गन्धे, थाकल, जलजम्बु, कालोकुरो, फुलेझार, चित्लाङ्गे, वनसिलाम, बेसरम, करौंतेघाँस, चरीअमिलो झार, पातीझार, कुम्भिका आदि मिचाहा प्रजाति छन्।

प्रतिकूल स्थानमा समेत फैलने यस्ता वनस्पतिका लागि आरक्षको वातावरण ज्यादै अनुकूल भएकाले आरक्षमा बढी प्रकोप रहेको छ। आरक्षको जैविक विविधता र पारिस्थितिकीय प्रणालीका लागि ठूलो खतरा बनेको तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ। किनभने, मिचाहा झारले ढाकेको ठाउँमा ताल साँघुरिँदै जाने, सिम क्षेत्रको दलदल जमिनमा फैलिएर पानी सुकाउने र पानीको सतहलाई ढाकेर सूर्यको प्रकाशलाई छेक्दा पानीभित्रको रैथाने वनस्पतिसमेत मर्दै गएको स्थिति संवेदशील रहेकोतर्फ सबैले ध्यान दिएर निराकरणको पहल हुनुपऱ्यो।

**रितेश थापा**, इटहरी

## जेन कथा

# मिहिनेत



मार्सल आर्टको एकजना विद्यार्थी आफ्ना गुरुकहाँ गयो। उसले आफ्नो गुरुलाई विनम्रतापूर्वक सोध्यो, 'म मार्सल आर्ट सिक्न प्रतिबद्ध छु। मलाई यसमा पूरै पारंगत हुनु छ। कति समय लाग्ला गुरु ?'

गुरुले उत्तर दिए, '१० वर्ष।'

उत्तर सुनेर विद्यार्थी ज्यादै अधीर भयो। फेरि सोध्यो, र म यसमा १० वर्षअघि नै निपुण हुन चाहन्छु। यसका लागि बरु म कठोर परिश्रम गर्छु। म दिनदिनै अभ्यास गर्छु। यसका लागि १० घण्टा दिनु परे पनि मलाई केही छैन। यस्तो अवस्थामा कति समय लाग्ला ?'

गुरु केही क्षण सोचेर भने, 'त्यसो गऱ्यौ भने चाहिँ पक्कै पनि २० वर्षमा सिकिसक्छौ।'

*अच्युत कोइराला*

**लेखतथा टिप्पणीका लागि:**
desk.news24daily@gmail.com

# टेस्लालाई उछिन्ने बाटोमा बीवाइडी

सन् २०२२ को मध्यतिर बीवाइडीका कार्यकारी लिआन युपोलाई इलन मस्कबाट के सिक्ने भनी सोध्दा उनले भनेका थिए, 'हामी सबै चिनियाँ कार निर्माताले इलन मस्क र टेस्लाबाट धेरै कुरा सिक्न सक्छौं। इलनले जस्तोसुकै परिस्थिति आइपरे पनि टेस्लालाई ज्यादै सफल कम्पनी बनाएर देखाइदिए। त्यसैले हामी बीवाइडी टेस्लालाई सम्मान गर्छौं, प्रशंसा गर्छौं।'

त्यसको ठीक तीन वर्षपछि, हाल टेस्लाको प्राविधिक अग्रता चीनको गलाकाट प्रतिस्पर्धामा नाटकीय रूपमा संकुचित हुन पुगेको छ। टेस्ला विश्वको सबैभन्दा ठूलो कार उत्पादकका रुपमा स्थापित रहिरहन संघर्ष गरिरहेको छ। कयौं देशमा टेस्लाको बिक्री घट्दै गएको छ। पूर्णरूपमा स्वचालित सवारी साधन विकास गर्ने यस कम्पनीका प्रयासहरू सोचेअनुरुप सफल हुन सकेका छैनन्।

केही समय अघिसम्म मात्र पनि 'के बीवाइडी टेस्लाको प्रतिस्पर्धी हुनसक्ला' भनेर कसैलाई सोध्दा मस्कलाई नै खिल्ली उडाउन खोजिएको हो कि भन्ने ठानिन्थ्यो। किनभने मस्क गत वर्ष चीन भ्रमणमा रहँदा उनले बीवाइडीका कारखानाहरू घुमेका थिए। उत्पादन लागत र तिनको प्रविधि देखेका थिए। त्यतिञ्जेल पनि उनले टेस्लालाई बिवाईडीले जित्न नसक्ने निष्कर्ष निकालिरहेका थिए। तापनि उनले टेस्लाका अधिकारीहरूसँग छलफल गर्दा आफ्नो ठूलो प्रतिस्पर्धी बिवाईडी भइरहेको सुनाउँथे।

अमेरिकी राजनीतिमा मस्कको प्रवेशपछि टेस्लाले नयाँ मोडेल बजारमा ल्याउन सकेन। त्यसले टेस्लाको बिक्री घट्दै जान थाल्यो। उता बिवाइडीले हेर्दाहेर्दै टेस्लालाई उछिन्यो र विश्वकै सबैभन्दा ठूलो विद्युतीय कार निर्माता बन्यो। सन् २०२४ मा पहिलो पटक बिवाईडीले एक सय बिलियन डलर आम्दानी गर्‍यो।

यतिबेला बीवाईडीले स्वचालित सवारी साधन र कृत्रिम बुद्धिमत्तातर्फ ध्यान केन्द्रित गरिरहेको छ। यसको सिधा अर्थ, विश्वका ठूला दुई विद्युतीय कार निर्माता बीच प्रतिद्वन्द्विता बढाउने मात्र नभई अमेरिका र चीनबीचको प्राविधिक प्रतिस्पर्धामा यो खेल परिणत भइसकेको छ।

'पश्चिमा मुलुकमा टेस्लाले अझै पनि कारहरू राम्रैसँग बिक्री गरिरहेको छ तर नयाँ नयाँ सुविधा र आकर्षणका रुपमा चाहिने सफ्टवेयर र प्राविधिक स्तरोन्नतिका बारेमा टेस्लाका नेताहरूमा स्पष्ट सोच छैन। यसका लागि प्रयास चाहिँ गरिरहेका छन्,' विद्युतीय सवारीका विश्लेषक डान लेवीको भनाइ छ।

चिनियाँ विद्युतीय सवारी उत्पादकहरूको सबैभन्दा ठूलो हतियार भनेको तिनको सस्तो दर नै थियो। यति सस्तो कि, टेस्लाले प्रतिस्पर्धा गर्न सकिरहेका थिएन। गएको फेब्रुअरीमा बीवाइडीका संस्थापक वाङ चुआनफुले प्रविधि मेलामा 'भगवान्‌को आँखा' भन्ने नयाँ प्रविधिको अनावरण गरे। यो एउटा विकसित 'चालक-सहायता प्रणाली' हो। पूर्णरूपमा स्वचालित सवारी साधनहरूलाई सघाउन यसले महत्वपूर्ण भूमिका निभाउँछ।




त्यसको एक महिनापछि बिवाइडीका प्रमुख कार्यकारी लिआन र संस्थापक वाङ एउटै स्टेजमा उभिए। उनीहरूले त्यो स्टेजमा पाँच मिनेटमा नै ४ सय ७० किमि माइलेज दिने नयाँ ब्याट्री चार्जिङ प्रणालीको घोषणा गरे। यस्तो आविष्कार र नयाँ कुरा प्रायः टेस्लाले घोषणा गर्ने गर्थ्यो, यस पटक उनीहरूले उछिने।

यी बाहेक पनि अन्य प्रविधिगत उन्नति चिनियाँ विद्युतीय कम्पनीले आश्चर्य जनक रुपमा गरेका छन्। यति मात्र होइन, उनीहरूले अन्य चिनियाँ कार उत्पादकले पनि छिटो र सस्तोमा बढी सवारी साधन उत्पादन गरेर अन्यलाई आतंक नै सिर्जना गरिदिएका छन्। यो चीनियाँ सीप सिक्न र साझेदारी गर्न संसारभरिका विद्युतीय सवारी उत्पादकहरू हतारिएका छन्।

आइएमडी नामक कम्पनीका नवउत्पादन र रणनीतिका प्राध्यापक मार्क ग्रीभेन भन्छन्, 'जब मस्कको ध्यान कम्पनीमा कम र राजनीतिमा बढी दिए, जब उनको चासो टेस्लाबाट हट्यो, टेस्ला पछि पर्न थाल्यो। बीवाइडीले ठीक यही समयमा आफ्नो दीर्घकालीन क्षमता बढाउन लगानी गर्‍यो र फड्को मार्‍यो।'

चीनको यो प्रगतिले विद्युतीय कार उत्पादकहरूलाई राम्रैसँग धक्का दिएको छ। त्यसैले गएको मे महिनामा मस्कले टेस्लाको विकास लागि नयाँ रणनीति तयार पारे। उनले स्वचालित सवारी साधन, एआई, रोबोटिक्स् सेवा र मानवीय ह्युमनोइड रोबोटलाई अघि बढाउनमा ध्यान केन्द्रित गर्नुपर्छ भन्ने महसूस गर्दै ट्रम्प प्रशासनबाट राजीनामा दिए।

पछि उनले नयाँ योजनाका बारेमा बताउँदै भनेका थिए, 'यो योजनाले टेस्लालाई दशौं ट्रिलियन बराबरको कम्पनी बनाउने छ। फेरि पनि टेस्ला विश्वको सबैभन्दा मूल्यवान् कम्पनी बन्नेछ।'

अबका १० वर्षमा विद्युतीय कारहरूको हालत के होला? टेस्लामा उच्च अधिकारी रहेका एक जना अधिकारी भन्छन्, 'जुन स्तरमा इलनले काम गरिरहेका छन्, त्यसलाई हेर्दा अबका १० वर्षमा दुई किसिमका कार बजारमा देखिने छन्। उदाहरणका लागि, एकातिर तपाईं आइफोन चलाउनु हुन्छ र अर्कोतर्फ आइफोनसँग प्रतिस्पर्धा गर्न अरुले फ्लिप फोनहरू बनाउँछन्। ठीक यस्तै प्रतिस्पर्धा टेस्ला र अन्य कम्पनीबीच हुने म देख्छु। टेस्लाले एआई र स्वचालित कारहरू बनाउने छ र अरुले उसलाई पछ्याउने छन्।'

**कार उद्योगको स्वचालित सवारी साधन र एआई तर्फको परिवर्तनले विश्वका शीर्ष दुई ईभी निर्माताहरू बीचको प्रतिद्वन्द्विता मात्र नभई अमेरिका-चीन प्राविधिक प्रतिस्पर्धाको केन्द्रीय स्तम्भ बनेको यो प्रतिस्पर्धा नयाँ अध्याय बनिरहेको छ।**

बीवाइडी कम्पनीको अध्यक्ष ५९ वर्षीय वाङले सन् आधा दशकअघि विद्युतीय कारका लागि आवश्यक ब्याट्रीहरूको क्षमतालाई क्रमशः सुधार गर्न थालेका थिए। यो सुधारबाट प्रभावित वारेन बफेले सन् २००८ मा ठूलो लगानी गरे। यो लगानी चिनियाँहरूको क्षमताको परीक्षणका रुपमा थियो। नभन्दै सन् २०२० को तुलनामा सन् २०२४ मा बिवाईडीले ४२ लाख ७० हजार वटा कार बेचेको थियो।

उता सोही अवधिमा टेस्लाको बिक्री पाँच लाखबाट १७ लाख ९० हजार पुगेको छ। बीवाइडीले भने २०२५ मा पहिलो पटक वार्षिक विश्वव्यापी ईभी बिक्रीमा टेस्लालाई उछिन्ने स्थितिमा पुगेको छ। यस पछाडिको कारण भने विदेशमा बिवाइडीले आफूलाई तीव्रतम् रुपमा विस्तार गरिरहेको छ।

सांघाई परामर्शदाता अटोमोबिलिटीका अनुसार बिवाइडीले चीनको २१ प्रतिशत बजार हिस्सा ओगटिसकेको छ। टेस्लालाई यो खबरले पक्कै पनि झड्का दिएको हुनुपर्छ।

सन् २०१३ मा बिवाईडीले पहिलो मोडेल ल्याएपछि विद्युतीय सवारी साधनमा उपभोक्ताको चासो निरन्तर बढ्दो छ। एक समय डिजाइन र निर्माण ज्ञानको लागि फोक्सवागन, टोयोटा र जनरल मोटर्सजस्ता विदेशी साझेदारहरूमा निर्भर रहेको बीवाइडीको सफलता चीनकै लागि गर्वको विषय बन्न पुगेको छ।

पश्चिमा कार कम्पनीहरूले चिनियाँ बजारमा रहिरहन स्थानीय चिनियाँ कम्पनीहरूसँग साझेदारी गरेका थिए। यता टेस्लालाई भने चीनले विशेष स्थान दियो। चीनले टेस्लालाई पूर्ण स्वामित्व र सञ्चालन गर्न अनुमति दिन लगानीका नियमहरू परिवर्तन गर्‍यो। टेस्लाको चीन प्रवेशले सांघाईमा दुई ठूला कारखाना बन्नेछ भने यसले चीनको घरेलु पूर्वाधार र आपूर्ति श्रृंखलालाई आधुनिकीकरण गर्न मद्दत गर्ने आशा गरेको थियो। उता टेस्लाले पनि हार्डवेयर र बौद्धिक सम्पत्ति हस्तान्तरणको जोखिम स्वीकार गर्‍यो। यो जोखिमले उसलाई चीनको विशाल बजारमा छिर्न सहज भयो। केही समयसम्म टेस्लाले यो सुविधाको भरपूर फाइदा उठायो पनि। यही अवधिमा चिनियाँ कम्पनीहरूले लागत घटाउने विशिष्ट गतिको सूत्र फेला पारे। उनीहरूले यति छिटो कार उत्पादन गर्थे कि त्यसले लगानी स्वात्तै घट्यो र अन्य यूरोपेली र जापानी प्रतिद्वन्द्वीहरूलाई उछिन्न सफल भयो।

युरोप, अमेरिका र जापानका महान् कम्पनीले टेस्लाको प्रविधिलाई उपयोग नगर्ने रणनीति लिए। चिनियाँहरूले भने इलन मस्कले देखाएको बाटोलाई उपयोग मात्र गरेनन्, त्योभन्दा राम्रो प्रविधि बनाएर चाँडो चाँडो सुधार पनि गरे। खासगरी गिगाकास्टमा गरेको सुधारले चिनियाँ इभीको क्षमता दिनप्रतिदिन बढ्दै जान थाल्यो। त्यसतर्फ भने अन्य कुनै इभी निर्माताको ध्यान जानै सकेन।

टेस्लाले आफ्ना कारमा महँगा विधि र प्रविधि प्रयोग गर्छ। चिनियाँ कार निर्माताहरूले भने सस्तो र भरपर्दो विधि बनाइरहेका छन्। त्यसको उदाहरण बिवाइडीको प्रिमियम डेन्जा जेड कार बन्न पुग्यो। टेस्लाले चिनियाँ विधि अपनाएको खण्डमा प्रतिगाडी साढे पाँच सयदेखि आठ सय डलरसम्म वचत हुने विश्लेषकहरू बताउँछन्। त्यस्तै बिवाइडीले टेस्लाका केही विधि प्रयोग गर्‍यो भने प्रति गाडी एक हजार ८ सय ६० डलरसम्म वचत गर्ने देखिन्छ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटको सेन्टर फर चाइना एनालिसिसका फेलो लिज्जी लीका अनुसार चीनको औद्योगिक इको-सिस्टम, पूर्वाधार, आपूर्ति श्रृंखला क्लस्टरिङ र इन्जिनियरिङ प्रतिभामा वर्षौंको लगानी छ। त्यही लगानीका कारण बिवाइडी सफल भएको हो।

'त्यो कडा रूपमा बुनेको उत्पादन शृ्‍ङ्खलाले यसलाई कुनै काम दोहोर्‍याउन, लागतलाई अझ प्रभावकारी रूपमा घटाउन र लचिलो आपूर्ति श्रृंखला कायम राख्न सहज बनाएको छ,' लिज्जीको भनाइ छ।

उता टेस्लाको विश्वास छ, कम्पनीले अपनाएको स्वचालन प्रविधि, नयाँ पूर्वाधार, एनभीडीए चिप्समा पहुँच र अर्बौं घण्टा ड्राइभिङ डेटा लगायतका महत्वपूर्ण फाइदाहरू छन्। यही कारण आफू अझै संसारकै नम्बर एक इभी कम्पनी बन्न सक्छ।

टेस्ला नजिकका एक व्यक्ति भन्छन्, 'हार्डवेयर बौद्धिक सम्पत्ति चोरी गर्न वा नक्कल गर्न तुलनात्मक रुपमा सजिलो छ तर सफ्टवेयरलाई 'रिभर्स इन्जिनियरिङ' गर्न लगभग असम्भव छ।'

पछिल्लो समय मस्कले स्वचालित रोबो-ट्याक्सीलाई बढीभन्दा बढी उत्पादन गर्न खोजिरहेका छन्। यो काम गूगलले वेमो कारमार्फत गरिरहेको छ। र, उसलाई पछार्नु टेस्लाको लागि ठूलो चुनौती छ। तर रोबो ट्याक्सीमाथि इलनको यति धेरै विश्वास छ कि कम्पनीको मूल्याङ्कन पाँच ट्रिलियन डलरसम्म पुर्‍याउन सक्ने देखिरहेका छन्।

**हार्डवेयर आईपी चोर्न वा नक्कल गर्न अपेक्षाकृत सजिलो छ। हाम्रो सफ्टवेयरलाई उल्टो इन्जिनियर गर्न लगभग असम्भव छ।**

'म अहिले टेस्लासँग प्रतिस्पर्धा गर्न सक्षम कोही पनि देख्दिन,' मस्कले गएको अप्रिलमा लगानीकर्ताहरूलाई भनेका थिए, '९९ प्रतिशत बजार हिस्सा ओगट्छौं भन्नु केही हाँस्यास्पद पनि होला तर धेरै हदमा हाम्रो बजार हिस्सा त हुन्छ नै!'

टेस्लाको बजार मूल्य लगभग ५१ ट्रिलियन डलर छ। यसको अर्थ यस कम्पनीमा लगानीकर्ताको निकै विश्वास छ। उता बिवाइडीले किफायती विद्युतीय कारको विस्तृत दायरा दिइरहेको छ। यसका बाबजूद बिवाइडीको बजार मूल्य एक सय ४० बिलियन डलर छ। अझै पनि बिवाइडीले आफूलाई सफ्टवेयर-केन्द्रित समूहका रूपमा उभ्याएको छैन। उसले त बरु आफ्नो मुख्य शक्ति ब्याट्री प्रविधि नै देखेको छ।

पछिल्लो समय 'भगवान्‌को आँखा'को घोषणाले बिवाइडीले ठूलो परिवर्तन गरिरहेको छ भन्ने संकेत गर्‍यो। यसको अर्थ अब बिवाइडीले आफूलाई स्वचालित कार कम्पनीका रुपमा परिवर्तन गर्दैछ। यो बजारमा पहिले नै एक्सपेङ्ग र नाओजस्ता घरेलु कम्पनी छँदैछन् र तिनको बजार उछिट्याउने दाउमा बिवाइडी देखिन्छ।

स्वचालित कारको प्रविधि र सुरक्षामाथि अनेक प्रश्नहरू उठिरहेका बेला अचानक बीवाइडी मैदानमा आएको छ। यो प्रविधिको प्रारम्भिक संस्करणहरू टेस्लाको पूर्ण स्वचालित प्रणाली जति उन्नत छैनन्। यदि बिवाइडीको 'भगवान्‌को आँखा' साँच्चिकै टेस्लाको एफएसडी प्रविधिजत्तिकै सशक्त रह्यो भने टेस्लाको प्रिमियम कार खोज्नेहरूको भाग बिवाइडीले अवश्य खोस्ने छ।

परामर्शदाता सिनो अटो इन्साइट्सका संस्थापक तु ले भन्छन्, 'मुख्य कुरा त बीवाइडीले अहिले के ल्याइरहेको छ, त्यो होइन। मुख्य सम्पत्ति चाहिँ संकलन भइरहेको डेटा हो। यो डेटाले नै उसलाई अन्य चालकविहीन कारहरूको दौडभन्दा अगाडि पुर्‍याउन सक्छ। बीवाइडीले प्रत्येक वर्ष बेच्ने ४३ लाख इभीमध्ये प्रत्येकले चाँडै कम्पनीको एल्गोरिदमहरूलाई तालिम दिन डेटा संकलन गर्नेछ।

चीनमा टेस्लाको मासिक बिक्री बीवाइडीको तुलनामा धेरै कम छ र २०२५ को पहिलो छ महिनामा लगभग पाँच प्रतिशतले घटेको छ। तर मस्कको राजनीतिक सक्रियताबाट उत्पन्न ब्रान्ड क्षति यसको कारण होइन। चिनियाँ कारहरू साँच्चिकै राम्रो भएका कारण उसको बिक्री घटिरहेको हो।

टेस्लाको लागि ठूलो चुनौती भनेको डेटा संकलन र स्थानान्तरणमा चीनको प्रतिबन्ध हो। एफएसडी मेसिन लर्निङमा आधारित छ। यसले वास्तविक समयमा ड्राइभिङ निर्णयहरू गर्न एल्गोरिदमलाई तालिम दिन अर्बौं घण्टाको भिडियो प्रयोग गर्दछ।

अहिले बिवाइडीले जुन सफलता हासिल गरेको छ, त्यो दीर्घकालीन रुपमा यत्तिकै होला? प्रश्नचिह्न छँदैछ। चिनियाँ कार निर्माताहरू बीचको मूल्ययुद्धले नाफामा तनाव उत्पन्न गर्नेछ। चिनियाँ सरकारले बिवाइडीलाई सफलताको मानक बनाइरहेको हुनाले विश्वकै ठूलो कार उत्पादकका रुपमा साख जोगाउन कम संघर्ष गर्नुपर्ने छैन!

तर हाललाई अन्य कम्पनीलाई बिवाइडीले बेच्ने ब्याट्री र यसको पहुँचका कारण अन्य कम्पनीको तुलनामा उसलाई यसको फाइदा छ। यसले अरुलाई निचोरेर फाइदा लिनसक्ने वातावरण छ। यसको अर्थ, उसले आफ्नो बजार नेतृत्व कायम राखिरहन आफ्ना कारको मूल्य कटौती गर्न सक्छ।

एचएसबीसी बैंक, बेइजिङका अटो विश्लेषक युकियान डिङ भन्छन्, 'बीवाइडीले रोबोट्याक्सी सेवा विकास गर्ने बारेमा कुरा नगरे पनि, कार्यकारीहरूले स्वचालित सवारी साधनहरूको लागि आवश्यक पर्ने सबै प्रमुख सफ्टवेयर र हार्डवेयर घरमै विकास गर्ने आफ्नो योजना विस्तृत रुपमा तयार बनाएका छन्।'

भनाइको अर्थ अब बिवाइडीसँग रोबोटहरू विकास गर्ने सबै प्रविधि र ज्ञान छ। यो चाहिँ मस्कका लागि अर्को सम्भावित चुनौती हो। 'प्रतिवर्ष ५० लाख भन्दा बढी दरका साथ तिनीहरूले सबै काम गर्न सक्छन्, जुन टेस्लाले गरिरहेको छ वा गर्नेछ,' डिंग भन्छन्, 'त्यो बिवाइडीको अन्तिम लक्ष्य हो... उनीहरूको लक्ष्य टेस्लाको धेरै नजिक छ।'

उता बिवाइडीकी कार्यकारी उपाध्यक्षले द फाइनान्सियल टाइम्ससँग कुरा गर्दै भनेकी छन्, 'विद्युतीय र स्वचालित प्रविधिमा टेस्लासँग प्रतिस्पर्धा गर्न थालेपछि नयाँपनमा गति आउने छ। यसले अन्ततः बीवाइडीलाई 'राम्रो' कम्पनी बनाउनेछ। भविष्यमा, यदि तपाईंले विद्युतीय कार उत्पादन गरिरहनुभएको छैन भने, तपाईंले बुद्धिमत्ता र स्वचालित ड्राइभिङमा नयाँ प्रविधि ल्याइरहनु भएको छैन भने तपाईं प्रतिस्पर्धा गर्नुअघि नै मैदानबाहिर रहनु हुनेछ।'

भनाइको अर्थ, भविष्यमा यदि टेस्लालाई कसैले चुनौती दिन सक्छ भने त्यो बिवाइडी नै हो।

*(एजेन्सीको सहयोगमा)*

## हिरोशिमा आणविक बम विस्फोटको ८० वर्ष पुग्यो

हिरोशिमा, साउन २१ - विश्वकै पहिलो आणविक आक्रमणको ८० वर्ष पुगेको अवसरमा जापानले बुधबार हिरोशिमामा स्मृति सभा गरी युद्ध र हिंसाविरुद्ध शान्तिको सन्देश दिएको छ।

सन् १९४५ अगस्ट ६ मा अमेरिकी विमान एनोला गे बाट हिरोशिमामा खसालिएको 'लिटिल ब्वाय' नामक बम विस्फोटमा एक लाख ४० हजार मानिसको ज्यान गएको थियो। तीन दिनपछि नागासाकीमा गरिएको दोस्रो बम आक्रमणमा ७४ हजारको मृत्यु भएको थियो।



बुधबार बिहान ठ्याक्कै ८ बजेर १५ मिनेट (विस्फोटको समय) सयौं अधिकारी, विद्यार्थी र पीडितहरू (हिबाकुशा) ले मौन प्रार्थना गरे।

हिरोशिमाका मेयर काजुमी मात्सुईले समर्पण भाषणमा विश्वभरि बढ्दो सैन्य निर्माण र युक्रेन-रुस तथा मध्यपूर्वको द्वन्द्वप्रति गम्भीर चिन्ता व्यक्त गरे। 'विश्वले इतिहासको त्रासदीबाट सिक्न सकेको छैन,' उनले भने।

समारोहमा १२० भन्दा बढी देशका प्रतिनिधिको सहभागिता थियो, जसमा ताइवानी र प्यालेस्टिनी प्रतिनिधिहरू पहिलोपटक सहभागी बनेका थिए।

९६ वर्षीया पीडित योशी योकोयामाजस्ता जीवित साक्षीहरूले बमले आफ्ना परिवार गुमाएको भोगाइ सुनाउँदै, 'मानिसहरू अझै पीडित छन्,' भने।

जापान सरकारका अनुसार हाल जीवित रहेका हिबाकुशाको संख्या ९९ हजार १३० पुगेको छ र तिनीहरूको औसत उमेर ८६ वर्ष पुगेको छ।

युद्धकालमा आणविक हतियार प्रयोग भएको यो एकमात्र घटना हो। तर, हाल पुनः आणविक हतियारको खतरा बढ्दै गएको विज्ञहरू बताउँछन्।

'मानव जातिको विनाश घडी' अहिले ८९ सेकेन्डमा पुगेको छ-यो घडीले आणविक जोखिमको समीपता जनाउँछ।

स्टकहोमस्थित शान्ति अनुसन्धान संस्थान (सप्री) का अनुसार विश्वमा रहेको १२ हजारभन्दा बढी आणविक हतियारमध्ये ९० प्रतिशत अमेरिका र रुससँग छन्। अहिले नौ वटा राष्ट्रहरूले ती हतियारहरू आधुनिकीकरण गरिरहेका छन्।

मेयर मात्सुईले गत महिनामा अमेरिकी राष्ट्रपति ट्रम्पलाई हिरोशिमा भ्रमण गर्न आमन्त्रण गर्दै भनेका थिए, 'उहाँले आणविक बमको वास्तविकता अझै बुझ्नुभएको छैन।'

## युक्रेन युद्ध शान्ति प्रयास अघि बढ्ला ?

एजेन्सी, साउन २० - अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफले बुधबार मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग महत्त्वपूर्ण भेटवार्ता गरेका छन्। युक्रेनसँगको युद्ध अन्त्यका लागि अमेरिकी राष्ट्रपति ट्रम्पले तय गरेको समय-सीमा नजिकिँदै गर्दा भएको यो भेट विश्व राजनीतिमा चासोको विषय बनेको छ।

दुवै नेताबीचको वार्ता 'गम्भीर, ठोस र उपयोगी' भएको बताइएको छ। यद्यपि, वार्ताको पूर्ण विवरण सार्वजनिक गरिएको छैन। ट्रम्प प्रशासनले रुसलाई आगामी केही दिनभित्र युक्रेनसँग शान्ति सम्झौता नगरे ठूलो आर्थिक प्रतिबन्ध लागु गर्ने चेतावनी दिएको छ।

राष्ट्रपति ट्रम्पले रुसलाई 'भयानक युद्ध' अन्त्य नगरे दोस्रो प्रतिबन्धका रूपमा रुसी तेल किन्ने मुलुकहरूमाथि पनि कडा भन्सार कर तथा आर्थिक प्रतिबन्ध लगाउने चेतावनी दिँदै आएका छन्। यसले चीन, भारत जस्ता देशहरूलाई समेत असर पार्ने सक्ने अमेरिकी अधिकारीहरूले संकेत गरेका छन्।

रुसी सञ्चारमाध्यमहरूले सार्वजनिक गरेका तस्वीरहरूमा विटकफ र पुटिनलाई मस्कोस्थित क्रेमलिनको सुनौलो हलमा मुस्कुराउँदै हात मिलाउँदै गरेको देखिएको छ। विटकफ यसअघि रुसी लगानीसम्बन्धी अधिकारी किरिल दिमित्रिएभसँग समेत भेटघाट गरिसकेका छन्, जसले इस्तानबुलमा भएका रुस-युक्रेन वार्तामा प्रमुख भूमिका खेलेका थिए।

तर युद्ध अन्त्यका लागि भएका वार्ताहरूले अझै ठोस परिणाम ल्याउन सकेका छैनन्। मस्कोले युद्धविरामको लागि यथास्थितिमा आधारित राजनीतिक तथा सैन्य पूर्वशर्तहरू राखिरहेको छ, जुन कीभ र पश्चिमी साझेदारहरूका लागि अस्वीकार्य छन्। क्रेमलिनले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र पुटिनबीचको प्रत्यक्ष बैठकको प्रस्तावलाई बारम्बार अस्वीकार गर्दै आएको छ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले युद्ध अन्त्यको लागि पर्याप्त दबाव सिर्जना गर्न अमेरिकी प्रतिबन्ध रणनीतिलाई समर्थन जनाउँदै, 'यस युद्धमा कुनै सैन्य तर्क छैन, यो केवल मानिसहरूलाई डर देखाउने क्रूरता हो,' भनेका छन्।



यता, युद्ध मैदानमा पनि तनाव कायमै छ। मंगलबारदेखि बुधबारसम्म रुसी सेनाले युक्रेनको जापोरिझिया क्षेत्रमा रहेको एक शिविरमा हवाई आक्रमण गर्दा दुई जनाको मृत्यु र १२ जना घाइते भएका छन्। किभ शहरमा गत हप्ता भएको आक्रमणमा मृत्यु हुनेको संख्या ३२ पुगेको छ, जुन आक्रमण सुरु भएदेखि हालसम्मकै सबैभन्दा घातक आक्रमण मानिएको छ।

ट्रम्पले जनवरीमा पदभार ग्रहण गर्न' अघि नै युद्ध एकै दिनमा अन्त्य गर्न सक्ने दाबी गरेका थिए, तर हालसम्म कुनै ठोस उपलब्धि हासिल हुन सकेको छैन। पछिल्ला समयहरूमा ट्रम्पको बयानबाजी पुटिनप्रति कडा बन्दै गएको छ। 'हामी समाधान नजिक पुगेका थियौं, तर पुटिनले फेरि आक्रमण गर्न थाले,' ट्रम्पले भनेका छन्।

अर्कोतर्फ, अमेरिका र युक्रेनबीचको सम्बन्ध पनि प्रगाढ बन्दै गएको छ। मंगलबार जेलेन्स्की र ट्रम्पबीच टेलिफोन संवाद भएको थियो, जसपछि अमेरिकाले युक्रेनलाई थप २०० मिलियन डलरको सैन्य सहायता दिने निर्णय गरेको थियो। सो सहायता अन्तर्गत ड्रोन उत्पादनलगायत अन्य रक्षा उपकरणहरू समावेश छन्।

युद्ध सकिने सम्भावना हाल कम देखिए पनि कूटनीतिक र सैन्य गतिविधिहरू तीव्र हुँदै गएका छन्। क्रेमलिनको भनाइमा, रुस पश्चिमी देशहरूसँग सम्भावित सैन्य टकरावको तयारीमा जुटिरहेको छ। यसैबीच, पुटिनले नयाँ हाइपरसोनिक मिसाइल प्रणाली सेवामा प्रवेश गराएको घोषणा गरेका छन्, जसलाई नाटो वायु रक्षा प्रणालीले रोक्न नसक्ने दाबी गरिएको छ।

पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले युक्रेन युद्धले रुस र अमेरिकाबीच सशस्त्र द्वन्द्वको रूप लिन सक्ने चेतावनी दिँदै गर्दा ट्रम्पले दुई अमेरिकी आणविक पनडुब्बीहरू पुनः सक्रिय पार्न आदेश दिइसकेका छन्।

news24 प्रदेश

बिहीबार, २२ साउन, २०८२
Thursday, 7 August, 2025

## नाइमा मोबिलिटी इक्स्पोमा विद्युतीय गाडी

# प्रदर्शन, नयाँ मोडल र छुटको प्रतिस्पर्धा







news24
**काठमाडौं, साउन २१**

काठमाडौंको भृकुटीमण्डमा बुधबारदेखि नाइमा नेपाल मोबिलिटी एक्सपो २०२५ सुरु भएको छ। एक्सपोको उद्घाटन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरेका हुन्। सो अवसरमा उनले अटोमोबाइल क्षेत्रमा नेपालले प्रगति गरिरहेको महसुस भएको बताए। उनले राजस्वमाथि दबाब हुँदाहुँदै नीतिगत स्थिरतालाई ध्यानमा राखेर गाडीमा करको दर नबढाएको बताए।

गुणस्तरीय सडकबीना अटोमोबाइल क्षेत्रको प्रगति सम्भव नहुने भन्दै अर्थमन्त्री पौडेलले सरकारले धुलो र हिलो रहित सडक निर्माणमा जोड दिएको बताए। कार्यक्रममा नाइमा अध्यक्ष ऋतु सिंह वैद्यले सवारीसाधन उद्योग र मोबिलिटी क्षेत्र देशको अर्थतन्त्रको विकास र रोजगारी वृद्धिका लागि महत्वपूर्ण स्रोत भएको बताइन्। उनले नीतिगत स्थिरताका लागि पहल गर्ने उद्देश्यका साथ नाइमा गठन गरिएको बताइन।

**नयाँ गाडी लन्च गर्ने प्रतिस्पर्धा**

एक्सपोमा अटो व्यवसायीहरूले आकर्षक अफरसहित नयाँ गाडीहरू सार्वजनिक गरेका छन्। व्यवसायीहरूले एक्सपोको पहिलो दिन नै दुई दर्जनभन्दा बढी नयाँ मोडलका सवारी साधन सार्वजनिक गरेका हुन्।

एक्सपोमा १८ लाख देखि डेढ करोडसम्म मूल्य पर्ने गाडीहरू प्रदर्शनमा राखिएको छ। विद्युतीय गाडीको प्रवर्द्धन गर्न आयोजना गरिएको यो मेलामा विभिन्न कम्पनीले आकर्षक अफरसहित नयाँनयाँ मोडलका गाडीहरू प्रदर्शन गरेका हुन्।

बीवाईडीले नयाँ ह्याचब्याक बीवाईडी सिंगल सार्वजनिक गरेको छ। यो गाडीले विश्व-प्रतिष्ठित 'वर्ल्ड कार अफ द इयर' उपाधि पाएको छ। सिगल (एटो १)मा ४५ किलोवाट क्षमताको मोटर राखेको छ। महिन्द्राले पनि दुईवटा नयाँ इलेक्ट्रिक मोडल सार्वजनिक गरेको छ। महिन्द्राले बीई-६ र एक्सयुभी ९ ई एक्सपोमा ल्याएको हो। यी दुबै गाडीमा फास्ट चार्जिङ सुधिवा उपलब्ध रहेको कम्पनीको दाबी छ। एसपीजी आटोमोटिभले चेरी कम्पनीको ओमोडा एन्ड जेको जे-५ मोडल ल्याएको छ। यो गाडीमा पनि कम्पनीले आकर्षक छुट दिएको छ। एक्सपोमा फोर्थिङको नयाँ इलेक्ट्रिक एसयूभी फ्राइडे पनि प्रदर्शनीमा छ।

**छुटमा पनि प्रतिस्पर्धा**

एक्सपोमा निसान लिफ इलेक्ट्रीक एसयूभीले सबैभन्दा धेरै २० लाख रुपैयाँसम्म छुट दिएको छ। पायोनियर मोटोकर्पले स्टक गाडी क्लियरेन्सका लागि भारी छुट उपलब्ध गराएको हो। यस्तै कम्पनीले जीकर एक्समा पनि १५ लाख रुपैयाँ छुट दिएको छ।

सांग्रिला मोटर्सले बिक्री गर्ने लीपमोटर बी १० मा पनि १० लाख रुपैयाँ छुट छ। यस्तै हिमालयन मोट्र्क्सले मिफा ७ मा एमपीभीमा १० लाख रुपैयाँ नगद छुट दिएको छ। १८० किलोवाटको मोटर रहेको मिफा ७ मा ९० किलोवाट आवरको ब्याट्री छ। यो गाडीले एकपटकको फुलचार्जमा ६३५ किलोमिटर रेन्ज दिने कम्पनीले जनाएको छ।

हुन्डाईले पनि आफ्ना गाडीहरूमा ८ लाख रुपैयाँसम्म छुट दिएको छ। लक्ष्मी इन्टरकन्टिनेन्टलले आकर्षक नगद छुटसहित अन्य अफरहरू पनि दिएको छ। एपीजी ओटोमोबाइलले बिक्री गर्न जेको जे फाइभमा पनि ४ लाख रुपैयाँ छुट पाउन सकिन्छ। लक्ष्मी ग्रुपअन्तर्गतको फरथिङ फ्राइडे इलेक्ट्रीक एसयूभीमा पनि ८ लाख रुपैयाँसम्मको छुट छ।

**हुन्डाईको भियतनाम भ्रमण योजना**

हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले 'हुन्डाई ओसम अगस्ट' योजना सुरु गरेको छ। जसअनुसार ग्राहकले हुन्डाईका गाडी खरिद गर्दा ८ लाख रुपैयाँसम्मको नगद छुट, एक वर्षको निःशुल्क बीमा र विशेष छुट प्राप्त गर्नेछन्। साथै, सबै हुन्डाई गाडीमा तीन वर्षको वारेन्टी पनि उपलब्ध छ।

'हुन्डाई ओसम अगष्ट' योजनाको बम्पर पुरस्कारका रूपमा एक जोडीलाई भियतनाम भ्रमण लैजाने भएको छ। विजेता जोडीको तीन रात चार दिनको खर्च कम्पनीले बेहोर्नेछ। नाइमा मोबिलिटी एक्स्पो अवधिमा हुन्डाई गाडी खरिद गर्ने ग्राहकलाई यो योजनाको लक्की ड्रमा स्वतः सहभागी गराउनेछ। यसका अतिरिक्त, एक्स्पोको स्टलमा गाडी बुक गर्ने ग्राहक दैनिक विशेष उपहारहरूको लागि छनौट हुनेछन्। दैनिक उपहारहरूमा बोस वासिङ मेसिन ह्याम्पर पनि समावेश गरिएको छ।

**याडियाको तीन स्कुटर सार्वजनिक**

विश्वकै अग्रणी इलेक्ट्रिक दुई पांग्रे सवारी ब्रान्ड याडियाको नेपालका लागि आधिकारिक वितरक कुजु नेपाल प्रालिले याडिया भेलाक्स सिरिज अन्तर्गत ३ वटा विद्युतीय स्कुटर सार्वजनिक गरेको छ। कम्पनीले नाइमा मोबिलिटी एक्स्पोमा नेपालमा पहिलो पटक यो ब्राण्डको विद्युतीय स्कुटर सार्वजनिक गरेको हो।

सार्वजनिक गरिएको नयाँ सिरिज अन्तर्गतका विद्युतीय स्कुटरले प्रदर्शन, स्मार्ट फिचर र इलेक्ट्रिक मोबिलिटीमा नयाँ युगको सुरुवात हुने कम्पनीको दाबी छ। कम्पनीका अनुसार भेलाक्स सिरिज अन्तर्गत तीन वटा विद्युतीय स्कुटर सार्वजनिक भएका छन्। यी विद्युतीय स्कुटरहरूका मोडलहरू ग्राहकको फरक आवश्यकतालाई हेरेर बनाइएको छ।

**प्रोटोनको विशेष अफर**

जगदम्बा मोटर्सले नाइमा मोबिलिटी एक्स्पोमा नयाँ प्रविधियुक्त प्रोटोन इमास-७ विद्युतीय गाडी प्रदर्शनमा राखेको छ। कम्पनीले देशभर आफ्नो सेवा सञ्जाल विस्तार गर्ने योजना पनि सार्वजनिक गरेको छ। यस वर्षको सुरुवातमा, मलेसियाको पहिलो विद्युतीय सवारी प्रोटोन इमास-७ नेपाली बजारमा ल्याइएको थियो। यो मोडलले मलेसियामा आफ्नो सेगमेन्टमा नम्बर-१ इभीको स्थान हासिल गरिसकेको छ।

प्रोटोन इमास-७ को आगमन र सेवा सञ्जाल विस्तारसँगै प्रत्येक नेपाली ग्राहकका लागि विद्युतीय सवारीलाई अझ पहुँचयोग्य, भरपर्दो र आकर्षक बनाउन प्रतिबद्ध रहेको जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले बताए। जगदम्बा मोटर्सले अटोमोबाइल उद्योगमा १४ वर्षभन्दा बढीको अनुभव बटुलेको छ। जगदम्बा मोटर्सले सन् २०१८ को नोभेम्बरदेखि नेपालमा प्रोटोन गाडीको आधिकारिक वितरकका रूपमा कार्य गर्दै आएको छ।

# 'भूपरिवेष्टित राष्ट्रलाई पछाडि पार्न हुँदैन'




काठमाडौं (संवाददाता) - प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापी व्यापार प्रणालीमा भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडीसी)लाई पछाडि पार्न नहुनेमा जोड दिएका छन्। संयुक्त राष्ट्रसंघअन्तर्गत एलएलडीसीको तेस्रो सम्मेलन अन्तर्गत बुधबार आयोजित 'व्यापार तथा वाणिज्यको सहजीकरण र क्षेत्रीय सहकार्य'सम्बन्धी राउन्ड टेबलमा सहअध्यक्षता गर्दै प्रधानमन्त्री ओलीले निष्पक्ष व्यापार सर्त र पारवहन व्यवस्थाका लागि सामूहिक प्रयासको आवश्यकता रहेको बताएका हुन्।

प्रधानमन्त्री ओलीले सेभिया प्रतिबद्धताको कार्यान्वयनले पूर्वाधार निर्माण, स्मार्ट व्यापार, कोरिडोरमा लगानी, यातायात तथा रसद उद्योगको विकास, भन्सार र व्यापार प्रक्रियाको डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राखेको स्मरण गराउँदै यसका लागि ठोस कार्यान्वयन र बलियो राजनीतिक प्रतिबद्धता अपरिहार्य भएको बताए। यसका लागि द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय तहमा सहकार्य र साझेदारीलाई मजबुत पार्न आवश्यक रहेको उनले बताए।

प्रधानमन्त्री आलीले सूचना प्रविधि, सेवा तथा वस्तु व्यापार प्रवर्द्धन गरी क्षेत्रीय एकीकरणलाई गहिरो बनाउन र अर्थपूर्ण साझेदारीलाई अगाडि बढाउन पनि जोड दिए। साथै, उनले एलएलडीसी राष्ट्रहरूको विश्व व्यापारमा हिस्सा दोब्बर बनाउने, सेवा निर्यात बढाउने र विविध तथा लचिलो अर्थतन्त्रलाई प्रोत्साहन गर्ने लक्ष्य हासिल गर्न सबैले प्रतिबद्धता जनाउनुपर्ने आवश्यकता औंल्याए।

प्रधानमन्त्री ओलीले सम्मेलन अन्तर्गतको दक्षिण-दक्षिण सहकार्यसम्बन्धी मन्त्रीस्तरीय बैठकलाई पनि सम्बोधन गरेका छन्। प्रधानमन्त्री ओलीले यी राष्ट्रहरूबीच ज्ञान, अनुभव र प्रविधिको आदान-प्रदान आवश्यक रहेको बताए। उनले दिगो स्रोत परिचालनका माध्यमबाट मापनयोग्य उपलब्धि हासिल गर्न'पर्नेमा पनि जोड दिए।

प्रधानमन्त्रीले लचिलो भौतिक तथा डिजिटल पूर्वाधार निर्माणमा लगानी गरेर क्षेत्रीय एकीकरण प्रवर्द्धन गर्न दक्षिण-दक्षिण र त्रिकोणीय सहकार्यलाई उपयोग गर्न'पर्ने धारणा व्यक्त गरे।

# ऊर्जा सम्मेलन २०२५ को लोगो सार्वजनिक

काठमाडौं (संवाददाता) - नवौं संस्करणको ऊर्जा सम्मेलन २०२५ को लोगो सार्वजनिक भएको छ। सम्मेलनको आयोजक स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले बुधबार लोगो सार्वजनिक गरेको हो। इप्पानले आगामी असोज २९ र ३० गते काठमाडौंमा हुने सम्मेलनका लागि नेपालको समग्रह ऊर्जा क्षेत्रलाई दर्शाउने दृश्यसहितको लोगो सार्वजनिक गरेको हो।

'मिसन २८ हजार ५०० मेगावाट पावरिङ नेपाल, इनर्जाइजिङ रिजन' भन्ने मूल नारासहित आयोजना हुन लागेको सम्मेलनको लोगोमा नेपालको ऊर्जा क्षेत्रमा भइरहेको तीव्र विकास र भविष्यको उच्चस्तरको सम्भावना देखाइएको छ। यसको मूलखण्डमा रहेको हरियो पातजस्तै संरचनाले दिगोपनको संकेत गरेको छ। यहाँबाट नेपालको ऊर्जा उत्पादनका जलविद्युत्, सोलार, विण्डलगायत स्रोतलाई पनि देखाइएको छ।

POWER SUMMIT '25
MISSION 28500MW
POWERING NEPAL
ENERGIZING THE REGION

सम्मेलनको लोगोमा ठूलो आकारमा देखाइएको जलविद्युत् आयोजनाले नेपालको विशाल जलस्रोत क्षमता र स्वच्छ ऊर्जाको मुख्य आधार नै जलविद्युत् हो भन्ने दर्शाउँछ। यसको छेउमा देखिएका आधुनिक ब्याट्री, ऊर्जा भण्डारण प्रणालीहरूले नेपालको ऊर्जा सुरक्षातर्फको यात्रालाई झल्काएको छ। त्यस्तै, सौर्य ऊर्जा लगायतले नवीकरणीय ऊर्जातर्फको विविधीकरणको पनि एकसाथ संकेत गरेको छ। पहाड र हिमालभरी देखिएका प्रसारण लाइनले नेपालको विद्युत् सीमापारका बजारमा बिक्री गर्ने अन्तरदेशीय विद्युत् व्यापारको तयारीलाई झल्काएको छ।

लोगोमा प्रयोग भएका यी विषयले नेपाललाई ऊर्जामा आत्मनिर्भर बनाउँदै दक्षिण एसियाली क्षेत्रलाई ऊर्जा निर्यात गर्ने सम्भावनातर्फ लैजाने राष्ट्रको दूरदर्शी यात्रालाई प्रतिविम्बित गरेका छन्।

सम्मेलनमा ३० देशका १ हजार भन्दा बढी प्रतिनिधिको सहभागिता रहने आयोजकको अनुमान छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

K.D. Joshi
Chairman

Adventure Human Resource (P.) Ltd.
Sitapaila, Kathmandu, Tel: 977-1-5382590, 5674456
Email: advenhr@gmail.com, info@adventurehr.com
Website: www.adventurehr.com



**आर्थिक हैसियतभन्दा ठूलो सुरुवातले दुर्गति** : पूर्वपश्चिम रेलमार्गको बर्दिबासमा निर्माणधीन खण्ड। महत्त्वाकांक्षी परियोजना पूर्व-पश्चिम रेलमार्गको निर्माण प्रगति निकै सुस्त छ। धेरैजसो ठाउँमा मुआब्जा विवादका कारण काम रोकिएको छ। राष्ट्रिय सभा अन्तर्गत संघीयता सबलीकरण तथा राष्ट्रिय सबलीकरण समितिको बैठकमा हालैमात्र भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले बजेट अभावका कारण राष्ट्रिय गौरवको आयोजना पूर्व-पश्चिम रेलमार्ग निल्नु न ओकल्नु भएको बताएका थिए। करिब चार अर्ब खर्च गरेर पूर्व-पश्चिम रेलमार्गको डीपीआर बनाइएको छ। हाल सञ्चालनमा रहेको जनकपुर-जयनगर एकमात्र रेल पनि घाटामा छ। *तस्बिर : नेपाल फोटो लाइब्रेरी।*

### दार्चुला-तिंकर सडक अलपत्र

# न्यून बजेट विनियोजनले स्थानीय आक्रोशित

**हरिप्रसाद जोशी**
**दार्चुला, साउन २१**

भौगोलिकरूपले विकट दार्चुला जिल्लाको लिपुलेकसम्म सडक पहुँच पुऱ्याउने गरी निर्माणाधीन दार्चुला-तिंकर सडक आयोजनाका लागि सरकारले कम बटेज विनियोजन गरेपछि स्थानीय आक्रोशित भएका छन्। सरकारले जिल्लाको व्यास गाउँपालिका वडा नं. १ स्थित छाडरु र तिंकर गाउँ जोड्ने ऐतिहासिक महत्त्वको सडक आयोजनाका लागि चालू आर्थिक वर्ष (२०८२/८३) को बजेटमा १ करोड रुपैयाँ मात्रै विनियोजन गरेपछि स्थानीयले असन्तुष्टि जनाएका हुन्।



महाकाली सडक करिडोर अन्तर्गत लिपुलेकलाई सडक सञ्जालमा जोड्न निर्माण भइरहेको आयोजनालाई प्राथमिकतामा नराखी कम बजेट विनियोजन गरेर उपेक्षा गरेको उनीहरूको आरोप छ। चट्टानी भू-भागमा सडक निर्माण गर्नुपरेको हुँदा चालू आर्थिक वर्षमा विनियोजन गरेको रक पर्याप्त नभएको भन्दै स्थानीयले बजेट थप्न माग गरेका छन्। यो सडकको निर्माण कार्य डेढ दशक अघि सुरुवात गरिए पनि अहिलेसम्म ट्र्याक खुल्न सकेको छैन। यो सडक आयोजनालाई महाकाली सडक करिडोरमा गाभेर नेपाल सेनामार्फत काम भइरहेको छ। महाकाली करिडोरमा गाभिएपछि नै यो सडकको निर्माण कार्य सुस्त भएको स्थानीयको आरोप छ।

छारुङ र तिंकर जाउँ जोड्ने सडक पूर्वाधार नहुँदा यहाँका स्थानीय वर्षौंदेखि आफ्नै गाउँमा आवत-जावत गर्नका लागि पनि भारतको बाटो प्रयोग गर्न बाध्य छन्। दशकौंदेखि निर्माणाधीन यो सडक आयोजना बजेट अभावमा अलपत्र परेको छ। २०६५/६६ बाट सुरु भएको यो सडक आयोजना सरकारको प्राथमिकतामा नपर्दा कहिले निर्माण सम्पन्न हुने हो, भन्न सकिँदैन।

सरकारले चालू आर्थिक वर्षका लागि जिल्लाकै छाङरु र तिकंर गाउँ जोड्ने घोरेटो (पैदल) बाटो निर्माणका भने साढे ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। दुई गाउँ जोड्ने घोरेटो बाटो निर्माणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिनु राम्रो भएपनि सडक पूर्वाधार आयोजनालाई पनि बजेटमा उपेक्षा गर्न नहुने स्थानीय दीपक खाती बताउँछन्। 'विश्व बजारमा उड्ने ट्याक्सी आइसकेको बेला हामी दार्चुलाबासीलाई आवत-जावत गर्न एउटा ढंगको सडक छैन,' उनले भने, 'सडक पूर्वाधारको पहुँच अभावमा कहिलेसम्म भारतको बाटो प्रयोग गर्नुपर्ने हो।'

पैदलबाटो निर्माणका लागि भन्दा सडक आयोजनालाई उपेक्षा गरिनुले छारुङ र तिंकरबासीलाई राज्यले सधैं हेला गरेको महसुश भएको पनि उनले बताए। सरकारमा भएका दलले दार्चुला-तिंकर सडक आयोजनाको नाममा सधै राजनीति मात्रै गरेको उनको आरोप छ। छाङरू र तिंकरका स्थानीयलाई आवत-जावत गर्न आफ्नै देशको पैदलबाटो पनि छैन। भारतको दार्चुलाबाट नेपालतर्फको दार्चुलाको व्यास गाउँपालिकास्थित सितापुल पुग्न ४ घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ।

आफ्नो देशको सडक नहुँदा भारतको बाटो प्रयोग गरेर यात्रा गर्ने क्रममा २०७९ कात्तिक ११ गते भारतले विष्फोटन गरेको ढुंगा लागेर व्यास-२, दुम्लिङका १० वर्षीय बालक पवन महराको मृत्यु भएको थियो। बेला-बेलामा यस्ता घटना भइरहने हुँदा स्थानीयको दैनिक जीवनमा महत्त्व राख्ने दार्चुला-तिंकर सडक आयोजनाको निर्माण चाँडो सम्पन्न गर्नुपर्ने माग स्थानीयले गर्दै आइरहेका छन्। एउटा गतिलो सडक नहुँदा आवत-जावतमा सास्ती खेप्नु परिरहेको स्थानीय दिपेश सिंह ऐतवालले बताए। उनले सूदुरपश्चिमको दुर्गम दार्चुला सधैं केन्द्र सरकारको उपेक्षामा परेको बताए। बजेट अभावले नै यो सडक आयोजना अहिलेसम्म निर्माण सम्पन्न हुन नसकेको उनको तर्क छ।

चालू आर्थिक वर्षका लागि पर्याप्त बजेट विनियोजन भई सडक आयोजना निर्माण सम्पन्न हुने अपेक्षा गरिएकोमा बजेटमा कन्जुस्याइँ हुँदा गाउँबासीलाई निराश बनाएको धामीले बताए। लिपुलेकसम्म ट्र्याक खोल्न निर्माणाधीन यो सडक आयोजनालाई विनियोजन गरिएको बजेटले बजेटले दशकौंसम्म पनि सम्पन्न गर्न नसकिने आशंका बताएको स्थानीय नरेन्द्र सिंह बोहोरा बताउँछन्।दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले भने अब नेपालकै भूमि भएर छाङरु र तिकंर आवत-जावत गर्न सकिने बताए। छाङरु र तिकंर जोड्ने घोडेटो बाटोको निर्माण अन्तिम चरणमा रहेकाले अब स्थानीयले भारतीय भूमिबाट आवत-जावत गर्नुपर्ने बाध्यताको अन्त्य हुने उनको दाबी छ।

छाङरु र तिकंर जोड्ने घोडेटो बाटो निर्माणका नाम हालसम्म विभिन्न आर्थिक वर्षमा आठ करोड ७५ लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन भई खर्च भइसकेको छ। तर, अहिलेसम्म पनि यो घोडेटो बाटोको निर्माण सम्पन्न हुन सकेको छैन। अहिले बुदी, दोपाखे, अपिखोला, घाटिबगर र 'थि भिर' मा बाटो निर्माणको कार्य भइरहेको छ। अति कठिन चट्टानी भू-भागमा भने घोरेटो बाटो निर्माण भइरहेको छ। यो घोडेटोबाटो निर्माणको काम मिसन देवहरि जेभीले गरिरहेको छ। यो निर्माण कम्पनीसँग पाँच करोड छ लाख नौ हजार नौ सय ९४ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।

४५ दिनभित्र तिकंर जाने घोरेटो बाटो बन्ने अपेक्षा गरिएपनि लक्ष्यअनुसार काम हुन सकेको छैन। निर्माण व्यवसायी केशवबहादुर पाल भने गाउँपालिकासँग भएको सम्झौतामा तोकिएको तालिकाभित्र नै घोरेटो बाटोको काम सम्पन्न गर्ने दाबी गर्छन्। तिंकर घोरेटो नेपालको चुच्चे नक्सा रहेको दार्चुलाको लिपुलेक क्षेत्र जोड्ने बाटो हो। दार्चुला-तिकंर पनि महाकाली सडक करिडोरबाट लिपुलेकसम्म पुग्ने पहुँच सडक हो।

२०७० सालमा आएको बाढी तथा भारतले आफ्नोतर्फको भूमिमा विस्फोट गराएर निर्माण गरिएको सडकका कारण नेपालको बाटो बिग्रिएको थियो। आर्थिक वर्ष २०६८/६९ सम्म नेपालकै बाटो प्रयोग गरी कुंचा सरेको व्यास गाउँपालिका-१ का अध्यक्ष अशोक सिंह बोहराले बताए। आर्थिक वर्ष २०६८/६९ सम्म नेपालतर्फ सञ्चालनमा रहेको बाटो भारततर्फको लिपुलेक पुग्ने सडक निर्माण गर्ने क्रममा भत्किएको थियो। भारतले उसको कारण भत्किएको नेपालतर्फको घोरेटो बाटो बनाइदिने सहमति थियो।

२०७६ बैशाख १० गते तत्कालीन प्रमुख जिल्ला अधिकारी शंकर बहादुर विष्टले भत्किएको बाटो भारतले बनाइदिने सहमतिपत्रमा हस्ताक्षर गरेका थिइ। तर, त्यो सहमति अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन।

# जलस्रोत विधेयक संसदीय समितिबाट पारित

**काठमाडौँ (संवाददाता)** – राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले जलस्रोत विधेयक, २०८१ लाई परिमार्जनसहित पारित गरेको छ। समितिको बुधबार बसेको बैठकले विधेयकको मस्यौदा प्रतिवेदन परिमार्जनसहित पारित गरेको हो।

प्रतिनिधिसभामा उत्पति भएको सो विधेयक प्रतिनिधिसभा, पूर्वाधार विकास समितिमा गहन छलफल भएर २०८१ चैत ११ गते पारित भई राष्ट्रियसभामा पुगेको थियो। राष्ट्रियसभाअन्तर्गतको विधायन समितिको १४ वटा बैठक छलफल भएपछि बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको उपस्थितिमा पारत भएको हो।

जलस्रोतको दिगो विकास, उपयोग र संरक्षण एवं व्यवस्थापन, लाभको न्यायोचित बाँडफाँट, मौसम तथा जलउत्पन्न विपद् न्यूनीकरण, बाँधको सुरक्षा र अन्तरपुस्ता समन्वयका आधारमा सुनिश्चित गर्न उक्त विधेयक ल्याइएको हो।

विसं २०८१ असार १४ गते प्रतिनिधिसभामा प्रस्तुत भएको विधेयक गत वर्ष असार २५ गते दफाबार छलफलका लागि पूर्वाधार विकास समितिमा पठाइएको थियो। पूर्वाधार विकास समितिमा नौ महिना सम्म छलफल भई पारित भएर राष्ट्रिय सभामा पुगेको हो।

विधायन व्यवस्थापन समितिका सदस्यबाट प्राप्त संशोधन प्रस्ताव, सरोकार भएकाहरू, विज्ञबाट प्राप्त सुझावलाई आधार मानेर विधेयकलाई परिमार्जनसहित पारित गरिएको समितिका सभापति तुलसाकुमारी दाहालले जानकारी दिइन्। उक्त विधेयक साउन २३ गते बस्ने राष्ट्रियसभाको बैठकमा पेस गरिने सभापति दाहालले बताइन।

## 'नीजि क्षेत्र प्राथमिकतामा छ'

**हेटौंडा, साउन २१**

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आफ्नो कार्यकालको पहिलो प्राथमिकतामा निजी क्षेत्र, यातायात, सीमान्तकृत र विपन्न समुदाय रहने बताउनुभएको छ। नारायणी यातायात व्यवसायी संघले एक कार्यक्रम आयोजना गरी उनलाई बधाइ तथा स्वागत गरेको थियो।

संघको सल्लाहकार समेत रहनुभएका मुख्यमन्त्री बानियाँले यातायात क्षेत्रको सुधारका लागि काम गर्ने प्रतिबद्धता जनाउनुभयो। यातायात व्यवसायीलाई उत्साह जगाउने गरी काम गर्ने उनको भनाइ छ। मुख्यमन्त्री बानियाँले संघीय सरकारसँग समन्वय गरी जीर्ण अवस्थाका राष्ट्रिय राजमार्गहरू मर्मतका लागि पहल गर्ने बताए।

पथलैया-हेटौंडा-नारायणगढ सडक विस्तारलाई छिटो सम्पन्न गर्नुपर्नेमा उनको जोड छ। मुख्यमन्त्री बानियाँले लोकतन्त्रमा निजी क्षेत्र विकासको मुल मेरुदण्ड रहने बताए। संघका अध्यक्ष हिरालाल श्रेष्ठले यातायात व्यवसायका समस्याहरूबारे मुख्यमन्त्री बानियाँलाई अवगत गराए। पञ्जीकरणका नाममा यातायात क्षेत्रमा भ्रष्टचारको सुरुवात भएको गुनासो उनले गरे।

# सामान्य अंकले घट्यो शेयरबजार

**संवाददाता**
**काठमाडौं, साउन २१**



शेयरबजार बुधबार पनि घटेको छ। नेप्से परिसूचक १.९४ अंकले घटेर २८३२.०६ बिन्दुमा कायम भएको छ। यस दिन कारोबार रकममा पनि गिरावट आएको छ। सात अर्ब ६३ करोड १३ लाख रुपैयाँ बराबरको दुई करोड १६ लाख ५७ हजार ७०६ कित्ता शेयर किनबेच भएको छ।

कारोबार भएका २५० कम्पनीमध्ये १३८ वटाको शेयरमूल्य घटेको छ। तर, ११२ कम्पनीको शेयरमूल्य बढेको छ। सूचीकृत १३ समूहमध्ये लगानी, लघुवित्त र अन्य समूह बढेका छन्। यस दिन लघुवित्त समूहमा लगानीकर्ताको आकर्षण बढेको देखिन्छ। कारोबार भएका ५० लघुवित्तमध्ये ४२ वटाको शेयरमूल्य बढेको छ भने ८ वटाको घटेको छ। बैंकिङ, विकास बैंक, फाइनान्स, जलविद्युत्, होटल तथा पर्यटन, जीवन बिमा, निर्जीवन बिमा, उत्पादन तथा प्रशोधन र व्यापार समूह घटेका छन्।

विन नेपाल लघुवित्त वित्तीय संस्था, महुली लघुवित्त वित्तीय संस्था र ट्रेड टावरको शेयरमूल्य १० प्रतिशत बढेर सकारात्मक सर्किट लागेको छ। श्रीस्टार हाइड्रोपावरको शेयरमूल्य सबैभन्दा धेरै ३.७८ प्रतिशत घटेको छ। डादी ग्रुप पावरको शेयर कारोबार सर्वाधिक २९ करोड ४५ लाख रुपैयाँको भएको छ।

यस दिन, लगानीकर्ताको सम्पत्ति तीन अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४७ खर्ब २७ अर्ब रुपैयाँ कायम भएको छ। साधारण सेयरतर्फको बजार पुँजीकरण पनि एक अर्ब रुपैयाँ घटेर १६ खर्ब छ अर्ब रुपैयाँ कायम भएको छ।

यस आर्थिक वर्ष सुरु भएपछि केही दिनमा नेप्से साढे दुई सय अंकभन्दा धेरैले बढेको थियो। त्यसबेल अधिकांश कम्पनीका सेयरधनीहरूले नाफा कमाए। छोटो समयमा राम्रो नाफा भएपछि लगानीकर्ताले सेयर बिक्री गर्न थालेपछि बजार दबाबमा परेको हो। यहीकारण केही दिन यता नेप्से रातो बनेको हो। बजार घट्न थालेपछि किन्नेहरू भन्दा बेच्नेहरू हावी हुँदै गएका छन्। मंगलबार र बुधबार कारोबार रकममा पनि गिरावट आउँदा बजार फेरि सुस्त बन्ने सम्भावना बढेको लगानीकर्ता बताउँछन्।

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २,८३२.०६ |
| कारोबार रकम (रू) | ७,६३१,३७५,९५२.७९ |
| कारोबार भएको शेयर संख्या | २१,६५७,७०६ |
| कारोबार भएका कम्पनी | २५० |
| बजार पुँजीकरण | ४,७२७,२०६,३९४,३३६.०५ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४७८.४३ | -०.४७ |
| विकास बैंक | ५,९८७.५१ | -०.६१ |
| फाइनान्स | २,५५१.१५ | -०.४१ |
| होटल तथा पर्यटन | ६,९२२.०९ | -०.०५ |
| जलविद्युत् | ३,६९२.३१ | -०.१५ |
| लगानी | ११३.८८ | ०.४९ |
| जीवन बिमा | १३,३००.७५ | ०.४५ |
| उत्पादन तथा प्रशोधन | ७,६६१.२८ | -०.१० |
| लघुवित्त | ५,४४३.०९ | १.४१ |
| म्युच्युअल फण्ड | २०.४७ | ०.०० |
| निर्जीवन बिमा | १२,६९४.९६ | -०.३६ |
| व्यापार | ४,२५४.६३ | -०.६६ |
| अन्य | २,५९४.५० | ०.४४ |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | २,३६७.२० | २१५.१३ | १० |
| महुली लघुवित्त वित्तीय संस्था लि. | १,६३५.८० | १४८.६४ | ९.९९ |
| ट्रेड टावर लि. | १,०५२.९० | ९५.६३ | ९.९९ |
| समाज लघुवित्त वित्तीय संस्था लि. | २,९६६.२४ | २१८.०४ | ७.९३ |
| स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | १,९३९.१८ | १४०.८८ | ७.८३ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| श्री स्टार हाइड्रोपावर लि. | ८४७.७७ | -३३.३३ | -३.७८ |
| समता घरेलु लघुवित्त वित्तीय संस्था | १,०४८.५३ | -२९.३७ | -२.७२ |
| युनिलिभर नेपाल लि. | ४६,७००.०० | -१,३००.०० | -२.७१ |
| सयपत्री हाइड्रोपावर लि. | ६५१.६४ | -१६.१२ | -२.४१ |
| लुम्बिनी विकास बैंक लि. | ५६७.८७ | -१३.९० | -२.३९ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| डादी ग्रुप पावर लि. | २९४,५५७,७५४.२० | ४१५.३० |
| हिमालयन रिइन्स्योरेन्स लि. | २८०,२४३,६७३.१० | १,००७.८० |
| शिवम् सिमेन्ट | २४१,९९१,८८६.३० | ६३३.०० |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | २३८,४०६,०३८.३० | २,३३६.०० |
| बलेफी हाइड्रोपावर लि. | २३२,०६५,९४७.३० | २१८.०० |

# गण्डकी प्रदेशको संघ सरकारसमक्ष १० बुँदे माग

**पोखरा (संवाददाता)** – बाँदरको आतंक नियन्त्रणदेखि रामसार ताल संरक्षणसम्मका १० प्रमुख मागसहित गण्डकी प्रदेशले संघ सरकारसँग सहयोगको आग्रह गरेको छ। प्रदेश नीति तथा योजना आयोगले पोखरामा आयोजना गरेको गण्डकी प्रदेश विकास समस्या समाधान समितिको १२औँ बैठकले यी मागहरू राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्ने निर्णय गरेको हो।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, विभिन्न मन्त्री, सचिव र स्थानीय तहका प्रमुखहरूको सहभागितामा आयोजित बैठकमा प्रदेश तथा संघीय तहबाट समाधान खोजिनुपर्ने विषयहरूमा छलफल गरिएको थियो।

बैठकले अघिल्ला निर्णयहरू कार्यान्वयन नहुँदा समस्या झन जटिल बन्दै गएको भन्दै ती निर्णय कार्यान्वयनका लागि संघ सरकारलाई पुनः अनुरोध गर्ने निर्णय गर्यो। नवलपुरको दुम्किबास-त्रिवेणी हुलाकी सडक निर्माणमा संघ सरकारको सहजीकरण माग गरिएको छ।

बैठकले प्रदेश सरकारको कार्यक्षेत्र स्पष्ट पार्न कार्य विस्तृतीकरण प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने, संघीय अनुदानमा सञ्चालित आयोजनाका लागि स्रोत सुनिश्चित गर्नुपर्ने, र सूचना प्रणालीमा पहुँच उपलब्ध गराउने व्यवस्था गर्न संघ सरकारसँग आग्रह गरेको छ।

रामसार सूचीमा रहेका पोखराका ९ वटा तालको संरक्षण गरी पर्यापर्यटन प्रवर्द्धन गर्ने, बाँदर र बँदेललाई कृषिमा हानिकारक वन्यजन्तु घोषणाको निरन्तरता दिने, कृषि आयकर कानुन स्पष्ट पार्ने र प्रदेशले उपभोग गरिरहेको संघको जग्गा हस्तान्तरण प्रक्रियामा सहजता ल्याउन पनि माग गरिएको छ।

नदीजन्य निर्माण सामग्रीको रोयल्टी व्यवस्थापन, बजेट क्यालेन्डरको अनिवार्य कार्यान्वयन, आयोजना बैंक प्रणाली अद्यावधिक लगायतका विषयमा पनि बैठकले ठोस निर्देशन दिएको छ।

मुख्यमन्त्री पाण्डेले विगतका निर्णय प्रभावकारी कार्यान्वयनका लागि आफूले पहल गरिरहेको जानकारी दिँदै, उत्पादनमूलक क्षेत्रमा स्थानीय तहसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिने र प्रशासनिक पुनःसंरचनाले खर्च कटौती गर्ने बताएका छन्। बैठकमा गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे, कास्कीका नवराज ओझा, बागलुङका गण्डकी थापा अधिकारीलगायतले सुझाव प्रस्तुत गरेका थिए।

## सिप्रबी सेक्युरिटिजका महाप्रबन्धक हिरासतमा

**काठमाडौं (संवाददता)**

नेपाल प्रहरीले ठगी आरोप लागेका सिप्रबी सेक्युरिटिजका महाप्रबन्धक जयन्त श्रीवास्तवलाई नियन्त्रणमा लिएको छ। शेयर कारोबारमा साढे ११ करोड रुपैयाँ ठगी गरेको आरोप लागेका श्रीवास्तव आफैं काठमाडौं महानगरीय प्रहरी परिसर पुगेपछि नियन्त्रणमा लिइएको हो।

श्रीवास्तव विरुद्ध शेयर कारोबारी दीपेन्द्र अग्रवालले मिता मुरारका अग्रवाल र ज्योति अग्रवालसहित १५ जनाले पाउनुपर्ने ११ करोड ५५ लाख रुपैयाँ नदिएको भन्दै उजुरी दिएपछि उनी प्रहरी परिसर पुगेका थिए। उजुरीपछि नै श्रीवास्तवमाथि आवश्यक अनुसन्धान गर्न हिरासतमा राख्ने प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

'श्रीवास्तवले मिता मुरारका अग्रवाल र ज्योति अग्रवालले पाउनुपर्ने ११ करोड ५५ लाख नपाएको भन्दै जाहेरी परेको छ,' परिसरका एक अधिकृतले भने, 'ठगी कसुरसम्बन्धी उजुरीपरेपछि श्रीवास्तव आफैं परिसर कार्यालयमा उपस्थित हुन आएका हुन्।'

# एनआईसी एशियाका ग्राहकलाई छुट




**काठमाडौं (संवाददाता)** – एनआईसी एशिया बैंकका ग्राहकहरूले काभ्रेको धुलिखेलस्थित हिमालय दृष्य रिसोर्टमा छुट पाउने भएका छन्। यस सम्बन्धमा बैंक र रिसोर्टबीच सम्झौता भएको बैंकले जनाएको छ।

सम्झौतापछि एनआईसी एशिया बैंकका ग्राहकहरूले धुलखेलमा रहेको हिमालय दृष्य रिसोर्टमा खाना तथा पेय पदार्थ उपभोग गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त पाउनेछन्। यो छुट पाउनका लागि ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्ने छ।

हिमालय दृष्य रिसोर्टसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावहरूलाई छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।


**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०४/२२**

यस फाइनान्सको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयको लागि सुरक्षा गार्ड सेवा (Security Guard Services) आवश्यक भएकोले बैंक तथा वित्तीय संस्थाहरुमा यस प्रकारका सुरक्षा सेवा प्रदान गर्दै आइरहेका अनुभव प्राप्त इच्छुक सुरक्षा सेवा प्रदायक रजिष्ट्रर्ड फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस फाइनान्सबाट खरिद गरेको बोलपत्र फारम रितपूर्वक भरी शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शिलबन्दी बोलपत्र फारम यस फाइनान्सको सामान्य प्रशासन विभाग केन्द्रीय कार्यालय भाटभटेनी काठमाडौंबाट रु. १,०००।०० (पछि फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिने छ। शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्त तथा बन्देजहरु लगायतका विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२। www.icfc.com.np

# प्लास्टिक सर्जरीविरोधी नायिका



दक्षिण अफ्रिकाबाट हलिउडमा प्रख्याति कमाउने कलाकार निकै थोरै छन्। चार्लिज थोरोन ती विरलैमध्येकी एक हुन्।

उनी हिजोबाट ५० वर्षकी भइन्। उनको खातामा अफ्रिकाबाट पहिलो पटक अस्कर अवार्ड हात पार्ने कलाकारको इज्जत पनि गाँसिएको छ। सो अवार्ड उनले 'मोन्स्टर' फिल्मबाट हात पारेकी थिइन्।

उनले 'नर्थ कन्ट्री' (२००६) र 'बम्बसेल' (२०२०) बाट समेत अस्करमा नामांकन जितेकी थिइन्।

उनी फिल्म निर्माताका रूपमा पनि उदाइन् तर त्यसमा उनले खासै चमत्कार भने गर्न सकिनन्।

त्यसो त दुई वटा सन्तान अपनाएर हुर्काइरहेकी थेरोन आफू जन्मेको देशप्रति हुरुक्क छिन्। उनले दक्षिण अफ्रिकामा 'चार्लिज थेरोन अफ्रिका आउटरीच' संस्थामार्फत एड्स रोगीहरूका लागि ठूलो सहयोग गरेकी उनलाई केहीले नेल्शन मण्डेलाकी प्रेमिका भनेर जिस्क्याउने पनि गर्थे। कुनै समय उनी नेल्शन मण्डेलासँग निकै नजिक थिइन्।


आफू २० वर्षकी छँदा मण्डेलाको छविबाट ज्यादै प्रभावित भएकाले उनले नजिक हुने कुनै अवसर पनि गुमाइनन्।

यी त भए, सबैलाई थाहा भएकै कुरा तर उनले ५० वर्षे जोवनमा जुन टिप्पणी हालै गरेकी छन्, त्यसले सामाजिक सञ्जालमा बहस नै छेडिएको छ। उनले भनेकी थिइन्, '५० वर्षे उमेरसम्म मैले कुनै अनुहारको सर्जरी गरेकी छैन। मलाई त्यसको आवश्यकता पनि छैन। जीनले मलाई जे दिएको छ, त्यसैमा म सन्तुष्ट छु।'

उनका समकालीन जति पनि हलिउड अभिनेत्री छन्, ती सबैले आफू सुन्दर देखिन नजाने के के सर्जरी गर्ने गर्छन्। उनले भनिन्, 'प्रकृतिले दिएको अनुहारलाई अहिलेसम्म विकृत पारिहाल्नु परेको छैन। र, त्यसमा मलाई रुचि पनि छैन।'

# चिकित्सकको बेस्टसेलर कथा






कोशी अञ्चलमा लामो समयदेखि प्रसूति चिकित्सातर्फ सेवा गरेका डा. बालकृष्ण साहले गत वर्ष 'गर्भको गर्व' बजारमा ल्याएका थिए। उनले यसको दोस्रो संस्करण पुनः बजारमा ल्याएका छन्।

नेपालमा एक लाख सन्तान यस धर्तीमा जन्मदा १५१ गर्भवती महिलाको मृत्यु हुने गर्छ। कुनै रोग नलागी, केवल सन्तान जन्माउँदा यति धेरै महिलाको मृत्यु हुनु निकै दुःखद पक्ष हो। नेपालमा पहिलेको तुलनामा यस्तो मृत्युदर निकै घटेको छ, तर संसारका अन्य मुलुकको तुलनामा यो निकै धेरै हो। स्पेन र स्वीडेनजस्ता मुलुकमा एक लाख बच्चा जन्मँदा चारजना गर्भवती महिलाको मृत्यु हुन्छ। इटाली, नर्वे र पोल्याण्डमा त यो संख्या जम्माजम्मी दुई जनामात्र छ।

डा. साहले यिनै कुरा मनन गर्दै रोचक कथानक उन्दै नौवटा कथा लेखेका छन्। सत्य घटनामा आधारित यी कथालाई उनले थोरै कल्पनाशीलता जोडेर पुस्तकलाई बजारमा ल्याएका हुन्। उनी भन्छन्, 'यो पुस्तक सचेतनाका लागि हो। सामान्यतः नेपालीहरू यस्ता विषयमा सचेत छैनन्। सचेत नहुँदा के कस्ता घटना घट्न पुग्छन् भन्ने 'केस स्टडी'का रूपमा समेत यस पुस्तकलाई ल्याएको उनले बताए।

शब्दमिडियाद्वारा प्रकाशित यो पुस्तक छोटो समयमा नै तीन हजार बिक्री भइसकेको छ। यसको दोस्रो संस्करण आउँदो साता बजारमा ल्याउने तयारी भइरहेको डा. साहले जानकारी दिए।

यस पुस्तकको सफलताबाट उत्प्रेरित उनले नयाँ पुस्तकको तयारीसमेत थालेको बताए। उनले भने, 'यो पुस्तक लोकप्रिय हुनुको मूल कारण चाहिँ कथा भन्दाभन्दै रोगबारे जानकारी दिनु हो। अहिलेको समयमा कोरा समस्या भन्दा पनि समस्यालाई कथानक शैलीमा उनेर सुनाउँदा रुचाउँछन् भन्ने आकलन गरेको थिएँ, मैले सटिक आँकलन गरेछु।'

# 'सावर्णि' लाई अन्तर्राष्ट्रिय पुरस्कार






अबको दुनियाँ कस्तो होला? हाम्रा भावी सन्तान कस्ता होलान्? संसार कसको नियन्त्रणमा रहला? त्यसपछिको मानव अस्तित्व कुन मोडमा पुग्ला? अहिलेकै अवस्था रहिरहे हामी यस पृथ्वीमा कहिलेसम्म रहौंला? भर्खर कृत्रिम बौद्धिकता (एआई)ले जन्म लिएको छ। यो वयस्क हुँदासम्म संसारले कुन रूप लिन्छ होला? यावत् जिज्ञासाले मथिंगल हल्लाउने हजारौं वर्षपछिको संसारको परिकल्पना गरी लेखिएको उपन्यास सावर्णिले अन्तर्राष्ट्रिय पुरस्कार हात पारेको छ।

डा. श्रीधर खनालले स्वैरकाल्पनिक शैलीमा लेखेको 'सावर्णि'मा आउँदो भविष्यको विस्मयकारी तस्वीर प्रस्तुत गरिएको छ। साहित्य, दर्शन, विज्ञान, प्रविधि, नवसिर्जना आदिलाई कलात्मक र चित्ताकर्षक शैलीमा बुनिएको यो उपन्यासले 'सुप्रमा-ईप्रमा अन्तर्राष्ट्रिय पुरस्कार' प्राप्त गरेको हो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज युकेद्वारा प्रदान गरिने सो पुरस्कार यसै वर्ष स्थापित गरिएको हो। यसअघि, पुरस्कारका लागि १० वटा लामो सूची जारी गरिएको थियो।

पुरस्कार समितिका संयोजक डा. रूपक श्रेष्ठद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिका अनुसार यो पुरस्कारको राशि ५०१ पाउन्ड (९३ हजार पाँच सय रूपैयाँ) रहेको छ।




बजारमा कुलिङ पिरियडको चर्चा थियो। पत्रकार नेमिष गौतमले अभिनेत्री वर्षा सिवाकोटीलाई सोधे, 'कुनै कलाकारलाई एउटा फिल्मपछि अर्को फिल्म बीचको 'कुलिङ पिरियड' चाहिन्छ कि चाहिन्न?' जवाफमा सिवाकोटीले भनिन्, 'चाहिन्छ नि! कुलिङ पिरियड भयो भने अभिनयको स्तर बढ्छ।' *तस्वीरः सुरसिनेमा*

# फालिएको चित्रकलाको मोल ५० हजार पाउण्ड



चित्रकारको भाग्य हुन्छ कि हुँदैन? यो भाग्य भन्ने चिज मान्ने या नमान्नेमा भर पर्छ। यदि चित्रकारको भाग्य हुन्छ भने उसले बनाएको चित्रकलाको पनि भाग्य हुन्छ। यदि यस्तो मान्ने हो भने फालिएको चित्रकलाले पनि कुनै एउटा समयमा उसको दिन आएपछि आफ्नो वास्तविक मोल पाउँछ भन्ने उदाहरण बेलायतमा देखिएको छ।

हालै एक जना चित्रकलासम्बन्धी ब्लगरले २५ पाउण्डमा किनेको एउटा थोत्रो चित्रकलाको मूल्य ५० हजार पाउण्डसम्म पुग्ने सम्भावना देखिएको छ।

सो चित्र न्यूजिल्याण्डकी चर्चित कलाकार फ्रान्सेस होड्किन्सको हुन सक्ने अनुमान गरिएको छ। सन् १८६९ मा जन्मिएकी होड्किन्सको निधन १९४७ मा भएको थियो।

चित्रकलाका बारेमा ब्लग लेखिरहने रब्जिन कान्टसले सन् २०१९ मा एउटा लिलामीबाट विभिन्न पुराना चित्रहरू किनेका थिए। ती चित्रहरू भेरा कनिङ्घमको नाममा बेचिएको थियो। भेराले पनि कुनै समय चित्र बनाउने गर्थिन्। उनी पनि आफ्नो समयमा उति चिनिएकी कलाकार थिइनन्।

चित्रहरूको खातमा एउटा क्यानभासको पछाडि अर्को पनि चित्र फेला परेको थियो। त्यो भेराकै हो कि भनी पहिले मानिएको थियो तर चित्रको अनुसन्धानमा खटिएकाहरूले भने पछि फ्रान्सेस होड्किन्सको हुनसक्ने बताएका थिए। यसपछि रब्जिनले बीबीसीको एउटा कार्यक्रम 'फेक अर फर्च्युन'मा चित्रकलाका बारेमा जान्न खोजे।

सो टेलिभिजन कार्यक्रमले नक्कली चित्रकलाहरूको परख गर्दै वास्तविक चित्रकला चिन्न मद्दत गर्छ। सो चित्र २० औं शताब्दीताका 'पिक्चर्स फर स्कूल्स' नामक पुस्तिकामा उपयोग गरिएको पत्ता लागेको थियो। यो चित्र पुस्तिका स्कूले बालबालिकालाई कसरी प्रेरणादायी चित्र बनाउन सकिन्छ भनी सिकाउँथ्यो।

न्यूजिल्याण्डमा जन्मिएकी तर अधिकांश जीवन युरोपमा बिताएकी होड्किन्स सन् १९२९ मा बेलायती कलाकार सेड्रिक मोरिसको सहयोगमा प्रतिष्ठित सेभेन एन्ड भाइफ सोसाइटीमा सामेल भएकी थिइन्। त्यही बेला उनले अन्य महिला कलाकारहरूसँग काम गरिन्। यसको आठ वर्षपछि नै उनी बेलायती मिडियामा चर्चित चित्रकारका रुपमा प्रख्यात हुन थालिन्। न्यूजिल्याण्डले भने उनलाई आफ्नो देशको बौद्धिक सम्पत्ति घोषणा गरेर उनका कृतिहरू देश फर्काउने प्रयासमा छ।

# समोसा र रवि किशन





बलिउडमा छाउन नसकेपछि भोजपुरी फिल्म खेल्न थालेका भारतीय अभिनेता रवि किशनलाई भोजपुरी फिल्मका सुपरस्टार मानिन्छ। उनको लोकप्रियता यति छ कि उनी भाजपाबाट उत्तर प्रदेशको गोरखपुरबाट सांसदसमेत बने।

अहिले फिल्ममा होइन, संसद्मा उनले 'डाइलगबाजी' गर्ने गरेका छन्। हालै उनले लोकसभामा खाजामा लोकप्रिय समोसाका कुरा उठाएर चर्चामा आए। उनले समोसा सामान्य जनसँग जोडिएको हुनाले त्यसमा ध्यान दिनुपर्ने कुरा उठाएका थिए। उनले अभिजात वर्गले समोसाको महत्त्व नबुझ्ने हुनाले आफूले यसको मुद्दा उठाउनुपरेको प्रस्ट्याएका छन्।

ढाबा तथा साना होटलमा पाइने समोसाजस्ता खाजाजन्य पदार्थलाई गुणस्तर निर्धारित गर्न कुरा उठाएका थिए। कुनै होटलमा खाद्य पदार्थको मात्रा, गुणवत्ता, मूल्य आदिलाई मानकीकरण नगरिएको हुनाले स्वादिष्ट खाजा समोसाका बारेमा दुविधामा पर्ने गरेको टिप्पणी गरेका थिए।

उनले भने, 'ठाउँपिच्छे समोसाको आकार फरक हुन्छ, तर मूल्य भने उत्तिनै तिर्नुपर्छ। त्यसैले, आकार पनि उस्तै र उत्रै भएको समोसा बेच्न राखिनुपर्छ र सबैतिर उही मूल्यमा पाइनुपर्छ।'

नेपालका सांसदको पनि यस्ता सामान्य देखिने तर मानव स्वास्थ्यका लागि आवश्यक खाजाका बारेमा ध्यान जाओस्, नत्र रवि किशनबाटै पाठ सिके पनि हुन्छ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादक : तीर्थ कोइराला